# प्रभाव दैनिक

National Daily

वर्ष १३ | अंक ३० | काठमाडौं | शनिबार, ०९ जेठ २०८३ | Prabhab National Daily | Saturday, 23 May 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५ ।–

**धूम्रपान त्यागौं, स्वस्थ जीवनशैली अपनाऔं ।**

- धूम्रपानले क्यान्सर, मुटु रोग र श्वासप्रश्वाससम्वन्धी समस्या निम्त्याउँछ,
- धूम्रपान स्वास्थ्यका लागि हानिकारक छ,

**त्यसैले,**

- सार्वजनिक स्थानमा धूम्रपान नगरौं,
- किशोर-किशोरीहरूलाई धूम्रपानबाट टाढा राखौं,
- धूम्रपानको लतबाट मुक्त हुन आवश्यक परामर्श र सहयोग लिऔं,
- धूम्रपान नगर्ने वातावरण सिर्जना गरौं,
- आफ्नो र परिवारको स्वास्थ्यको रक्षा गरौं,
- धूम्रपान त्याग्ने संकल्प गरौं,
- धूम्रपान विरूद्ध जनचेतना फैलाऔं र स्वस्थ समाज निर्माण गरौं।

स्वस्थ जीवन, उन्नत भविष्यको आधार ।

नेपाल सरकार
विज्ञापन बोर्ड



सिंहदरबारमा निर्माणाधीन संघीय संसद् प्रतिनिधिसभाको बैठक कक्ष । यही जेठ १५ गते हुने आर्थिक वर्ष २०८३/८४ को बजेट भाषण यही नयाँ सभा कक्षबाट गर्ने तयारी गरिएको छ । *तस्बिरः रासस*

# रवि, जिबी र छविलालविरुद्धको अभियोगपत्र संशोधन गर्न कास्की अदालतको आदेश

## संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा फिर्ता

- सहकारी ठगीतर्फको अभियोग कायम रहने
- कास्की अदालतको आदेशसँगै यसको पक्ष र विपक्षमा बहस
- रविविरूद्ध अझै काठमाडौं, रूपन्देही र पर्सा जिल्ला अदालतमा संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा कायम
- रविले गरे कास्की अदालतको आदेशको स्वागत, न्यायको लडाइँ बाँकी नै रहेको प्रतिक्रिया





■ **प्रभाव संवाददाता**

**काठमाडौं–** कास्की जिल्ला अदालतले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेसहित गीतेन्द्रबाबु (जिबी) राई र छविलाल जोशीविरुद्धको संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा फिर्ता लिने आदेश गरेको छ । जिल्ला न्यायाधीश हिमलाल वेल्बासेको इजलासले शुक्रबार सहकारी ठगीतर्फको अभियोग कायम रहनेगरी उक्त मुद्दा संशोधन गर्ने आदेश गरेको हो ।

'...निवेदकको निवेदन मनासिव देखिँदा सम्बन्धित मूल, थप र पूरक अभियोगपत्रहरूमा सहकारी ठगीको अभियोग दाबी कायम राखी अन्य संगठित अपराध र सम्पत्ति शुद्धीकरणसमेतको अभियोग नरहने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३६ बमोजिम संशोधन गरिदिएको छ,' आदेशमा भनिएको छ ।

कास्की जिल्ला अदालतका स्रेस्तेदार राजन खनालका अनुसार जिल्ला सरकारी वकिल कार्यालय कास्कीले दिएको निवेदनको मागबमोजिम लामिछानेसहित अन्य प्रतिवादीमाथि लगाइएको संगठित अपराध, सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुर तथा राष्ट्र बैंकसम्बन्धी कसुरअन्तर्गत अभियोग नलाग्नेगरी संशोधन हुने अदालतको आदेश छ ।

सुशीला कार्की नेतृत्वको चुनावी सरकारकी महान्यायाधीवक्ता सविता भण्डारी बरालले रवि, जिबी र छविविरुद्ध विभिन्न अदालतमा दर्ता गरिएको संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी अभियोग संशोधन गर्ने निर्णय गरेकी थिइन् । सोही निर्णयका आधारमा सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयहरूलाई अभियोग संशोधनका लागि निवेदन पेस गर्न भण्डारीले निर्देशन दिएकी थिइन् । जिल्ला सरकारी वकिल कार्यालयले दर्ता गरेको निवेदनमाथि सुनुवाइपछि कास्की जिल्ला अदालतले शुक्रबार निवेदकको मागबमोजिम संशोधन गर्ने आदेश गरेको हो ।

न्यायाधीश वेल्बासेको आदेशमा निवेदकको माग मनासिव देखिनुका विभिन्न आधार प्रस्तुत गरिएको छ । पहिलो आधार, उक्त मुद्दामा न्यायको निरूपणको मूल विषयवस्तु पीडित जाहेरवालासमेतका बचत रकम सहज र शीघ्र फिर्ता दिलाउनु रहेको तथा नेपाल सरकारले सुरुमा मुद्दा दर्ता गर्दा संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी अभियोग दाबी नगरिएको तथा जाहेरवालाहरूकोसमेत सोतर्फ मागदाबी नरहेको भनिएको छ ।

'संशोधनपश्चात्समेत जाहेरवालाहरूको जाहेरी दरखास्त मागबमोजिमको सहकारी ठगीतर्फको अभियोग दाबी कायम रहने देखिएको, निवेदन मागबमोजिम संशोधन नगरिए जाहेरवाला र प्रतिवादीहरूबीच मिलापत्र हुने तथा जाहेरवालाहरूले आफ्नो बिगो रकम सहजरूपमा फिर्ता पाउने प्रक्रिया थप जटिल बन्न जाने,' आदेशमा भनिएको छ । कानुनले तोकेको कार्यविधि न्याय प्राप्तिको प्रक्रियागत आधार हुने भएता पनि यसले न्यायको मूल मर्मलाई पराजित गर्न नसक्ने भएकोले संशोधन गरिएको आदेशमा उल्लेख छ ।

रविविरुद्ध कास्कीबाहेक काठमाडौं, रूपन्देही र पर्सा जिल्ला अदालतमासमेत सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी अभियोगमा मुद्दा दर्ता भएका छन् । कास्की अदालतको संशोधन आदेशसँगै अन्य जिल्ला अदालततर्फ सबैको चासो बढेको छ ।

क्रमशः पृष्ठ २ मा

# सरकारको बेवास्ताले क्यान्सर उपचारमा प्रयोग हुने औषधि अभाव

- क्यान्सरको उपचार हुने अस्पतालमा ती औषधिको अभाव देखिएकाले उपचारमा समस्या
- अन्तर्राष्ट्रियरूपमा ती औषधिको मूल्य बढेकाले नेपालमा आयात रोकिँदा अभाव
- मूल्य समायोजन गर्न सरकारले बेवास्ता गर्दा बिरामीको ज्यान जोखिममा

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** मूल्य समायोजनमा सरकारले बेवास्ता गर्दा आयात ठप्प भएसँगै क्यान्सर रोगको उपचारका लागि प्रयोग हुने औषधि अभाव भएको छ । क्यान्सरको उपचार हुने अस्पतालमा ती औषधिको अभाव देखिएकासँगै बिरामीको उपचारमा समस्या भएको छ ।

भक्तपुर क्यान्सर अस्पताल, चितवनस्थित बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल, वीर अस्पताल, त्रिवि शिक्षण अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानलगायत क्यान्सर रोगको किमोथेरापी उपचारमा प्रयोग हुने औषधिको अभाव देखिएको हो ।

किमोथेरापी उपचारमा प्रयोग हुने औषधि कार्बोप्लाटिन, सिस्प्लाटिन र अक्सालिप्लाटिन अभाव देखिएको भक्तपुर क्यान्सर अस्पतालका कार्यकारी निर्देशक डा. उज्ज्वल चालिसेले बताए । उनले अस्पतालमा अहिले तीनै प्रकारका औषधिको अभाव रहेको बताए । क्यान्सरको किमोथेरापी दिँदा धेरै किसिमका औषधिको आवश्यक हुन्छ ।

'किमोथेरापीबाट उपचार गर्दा अरु औषधिमा मिसाउन ती औषधिको आवश्यक हुन्छ । कम्तीमा तीन औषधिमध्ये एउटा मिसाएर किमोथेरापीमार्फत क्यान्सर रोगको उपचार गर्नुपर्ने हुन्छ,' उनले भने, 'अहिले त्यो समूहको कुनै औषधि छैन । औषधि अभावले बिरामीको उपचारमा ठूलो असर परिरहेको छ ।'

> किमोथेरापीबाट उपचार गर्दा अरू औषधिमा मिसाउन ती औषधिको आवश्यक हुन्छ । कम्तीमा तीन औषधिमध्ये एउटा मिसाएर किमोथेरापीमार्फत क्यान्सर रोगको उपचार गर्नुपर्ने हुन्छ । अहिले त्यो समूहको कुनै औषधि छैन । औषधि अभावले बिरामीको उपचारमा ठूलो असर परिरहेको छ ।
>
> **डा. उज्ज्वल चालिसे**
> कार्यकारी निर्देशक, भक्तपुर क्यान्सर अस्पताल

उनका अनुसार ती औषधि अस्पतालमा सकिएको दुई हप्ताभन्दा बढी भइसकेको छ ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# पश्चिम एसिया द्वन्द्वले विप्रेषण आप्रवाह प्रभावितः परराष्ट्र

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** पश्चिम एसियाको द्वन्द्वले मुलुकको विप्रेषण आप्रवाह प्रभावित हुन गएको परराष्ट्र मन्त्रालयले जनाएको छ । विप्रेषण आप्रवाह प्रभावित हुँदा विदेशी मुद्रा सञ्चिति घट्न पुगेको शुक्रबार आयोजित प्रेस ब्रिफिङमा जानकारी दिइयो ।

यही अवस्थामा अति कम विकसित मुलुकबाट हुने स्तरोन्नति हुँदा थप समस्या हुने भन्दै उक्त प्रक्रिया स्थगित गर्ने तयारी गरिएको प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले जानकारी दिए । 'स्तरोन्नति प्रक्रिया आगामी नोभेम्बर २०२९ सम्मका लागि स्थगित गर्न संयुक्त राष्ट्रसंघको कमिटी फर डेभलपमेन्ट पोलिसीमा पत्राचार गरिएको छ,' उनले भने ।

मुलुकको अर्थतन्त्रको झण्डै ३० प्रतिशत हिस्सा वैदेशिक रोजगारीबाट भित्रने विप्रेषण (रेमिटयान्स)ले धानेको छ । विशेषगरी खाडी क्षेत्रको रोजगारीमा निर्भर भएको हाम्रो रेमिटयान्स गत फेब्रुवरीबाट जारी द्वन्द्वका कारण प्रभावित भएको मन्त्रालयको भनाइ छ । द्वन्द्वले विश्वव्यापी आपूर्ति शृंखलामा आएको अवरोध र रेमिटयान्स आप्रवाहमा पारेको प्रभावका कारण नेपालको अर्थतन्त्रमा प्रभाव परेको परराष्ट्रले जनाएको छ । जसका कारण विश्व बैंकले सन् २०२६ मा नेपालको आर्थिक वृद्धिदर २.३ प्रतिशतमा सीमित हुने प्रक्षेपण गरेपछि उक्त प्रक्रिया स्थगित गर्न लागिएको मन्त्रालयले जानकारी दिएको छ ।

मन्त्रालयले पश्चिम एसियाको अवस्थामा सुधार हुँदै गएकाले २४ घण्टा सञ्चालन भइरहेको इमरजेन्सी कन्ट्रोल रुमलाई बिहान ९ बजेदेखि राति ९ बजेसम्म सञ्चालन गर्ने तय गरिएको प्रवक्ता क्षेत्रीले बताए । मन्त्रालयका अनुसार हालसम्म कन्सुलर सेवा विभागद्धारा सञ्चालन गरिएको अनलाइन दर्ता प्रणालीमा ८७ हजार ८६३ जनाले फाराम भरेका छन् । पछिल्लो दुई हप्तामा १२ जनालेमात्र फाराम भरेका छन् ।

कार्यक्रममा कन्सुलर सेवा विभागले 'मोफा मित्र एप' सञ्चालनमा ल्याउने जानकारीसमेत दिएको छ । विदेशमा रहेका नेपाली नागरिकलाई कानुनी तथा कन्सुलर परामर्श प्रदान गर्नुका साथै राहत, क्षतिपूर्ति र बिमा रकम प्राप्त गर्न सहयोग गर्नका लागि उक्त एप सञ्चालनमा ल्याइने मन्त्रालयले जनाएको छ । उक्त एप यही जेठ १३ गतेदेखि सञ्चालन हुने क्षेत्रीको भनाइ छ ।

मन्त्रालयले दक्षिण पूर्वी एसियाका अनलाइन स्क्यामिङ केन्द्रहरूबाट हालसम्म ६८७ जनाको उद्धार गरिएको जानकारी दिएको छ । जसमा कम्बोडियाबाट ५६२, म्यानमारबाट १११, थाइल्याण्डबाट छ र लाओसबाट आठ जना रहेका जानकारी दिइयो । सो क्षेत्रमा अझै पनि धेरै नेपाली फसेको हुनसक्ने अनुमान गरिएको प्रवक्ता क्षेत्रीले बताए ।

## गैरकानुनी प्रवेशले रोमानियामा श्रमिकमाथि शोषण

**काठमाडौं (प्रस)–** रोजगारीका लागि युरोपेली मुलुक रोमानियामा गैरकानुनीरूपमा गएका श्रमिकहरू शोषणमा पर्ने गरेको सरोकारवालाहरूले बताएका छन् । शुक्रबार नेपाल इन्स्टिच्युट फर इन्टरनेसनल कोअपरेसन एण्ड इन्गेजमेन्ट (एनआइआइसिई)ले आयोजना गरेको 'अवसर र शोषणबीच रोमानियातर्फ नेपाली श्रमिक' विषयक अन्तरक्रिया कार्यक्रममा सहभागीहरूले रोमानियालाई अन्य युरोपेली मुलुक प्रवेश गर्ने बाटोको रूपमा प्रयोग गर्ने प्रवृत्तिले समस्या भएको बताए ।

नेपालीहरूको श्रम आप्रवासनको प्रवृत्ति युरोपतिर सर्दै गएकाले भर्ती प्रणालीको नियमन र संस्थागत संयन्त्रको सुदृढीकरण आवश्यक रहेको सो कार्यक्रमका वक्ताहरूले औंल्याएका छन् । छलफलमा सहभागी दिलरुक्षी हिनडुनेटीले खाडी मुलुकतर्फको आप्रवासन अस्थायी भएकाले श्रमिकहरू स्वदेश फर्किने तर रोमानियातर्फको आप्रवासनको प्रवृत्ति फरक भएकाले यसमा थप अनुसन्धान र नीतिगत सुधार आवश्यक रहेको बताइन् ।

अर्का वक्ता इयुलिया हाउले रोमानियामा श्रमिकहरूले सामना गरिरहेका आर्थिक ठगी, भ्रामक भर्ती प्रक्रिया, व्यवस्थित श्रम शोषण, दुर्व्यवहारसम्बन्धी उजुरी व्यवस्थापन आदिमा सामना गरिरहेका चुनौतीबारे चर्चा गरेकी थिइन् ।

क्रमशः पृष्ठ २ मा

**विश्वकप क्रिकेट लिग-२**

# अमेरिकामाथि नेपालको फराकिलो जित

- अमेरिकालाई १२२ रनले हराउँदै जोड्यो दुई अंक
- नेपालका इशान पाण्डेले बनाए सर्वाधिक ८४ रन
- सन्दीप लामिछानेले लिए अमेरिकाको तीन विकेट
- अंक तालिकामा नेपाल २४ अंकका साथ पाँचौं स्थानमा




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** आइसिसी पुरुष विश्वकप क्रिकेट लिग-२ अन्तर्गतको खेलमा नेपालले अमेरिकामाथि फराकिलो जित हात पारेको छ । कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय अन्तरराष्ट्रिय क्रिकेट मैदानमा शुक्रबार भएको खेलमा नेपालले अमेरिकालाई १२२ रनको फराकिलो अन्तरले पराजित गरेको हो ।

शुक्रबार टस हारेर ब्याटिङ गरेको नेपालले अमेरिकालाई ३१८ रनको लक्ष्य दिएको थियो । उक्त लक्ष्य पछ्याएको अमेरिका ४१.२ ओभरमा १९५ रनमा समिटिँदा नेपालले फराकिलो जित हात पारेको हो । अमेरिकालाई अलआउट गर्ने क्रममा सन्दीप लामिछानेले तीन विकेट लिए । त्यसैगरी ललित राजवंशी, दीपेन्द्र सिंह ऐरी र गुल्शन झाले दुई/दुई विकेट लिए भने सोमपाल कामीले एक विकेट हात पारे ।

अमेरिकाका लागि सञ्जय कृष्णमूर्तीले सर्वाधिक ५६ रन बनाए । नोथुष केन्जिगेले २९, शयान जहांगिरले २७, शेहान जयसूर्याले २६, कप्तान शैतेजा मुक्कामुल्लाले २२ रनको योगदान दिए । पहिले ब्याटिङ गरेको नेपालले निर्धारित ५० ओभरमा आठ विकेट गुमाएर ३१७ रन जोडेको थियो । नेपालका लागि इशान पाण्डेले सर्वाधिक ८४ रनको योगदान दिए । उनले ८३ बल खेल्ने क्रममा आठ चौका र एक छक्का प्रहार गरे । दीपेन्द्रसिंह ऐरीले ५९ रन, कप्तान रोहित पौडेलले ४६, आशिफ शेखले ४३ कुशल भुर्तेलले २९ रन, आरिफ शेखले १८ रन र गुल्सन झाले १५ रन जोडे ।

अमेरिकाका लागि शुभम रञ्जानेले तीन विकेट लिए । मिलिन्द कुमार र रुसिल उगारकरले समान एक-एक विकेट लिए ।

क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमश:

## रवि, जिबी...

यद्यपि, ती जिल्लाका सरकारी वकिल कार्यालयले अभियोग संशोधनका लागि निवेदन दिनुपर्ने छ। कास्की अदालतको आदेशपछि शुक्रबार लामिछानेले अदालतको आदेशको स्वागत गर्ने बताए। साँझ पत्रकारहरूसँग कुरा गर्दै उनले अन्य जिल्लामा बाँकी नै रहेकोले न्यायको लडाइँ जारी रहेको प्रतिक्रिया दिए। आफूले कास्की अदालतको आदेश प्राप्त गरि नसकेकोले थप प्रतिक्रिया नदिने उनले बताए।

कास्की जिल्ला अदालतको आदेशसँगै यसको पक्ष र विपक्षमा सार्वजनिक बहस सुरु भएको छ। एउटै प्रकृतिको मुद्दामा इच्छाराज तामाङलगायतलाई विशेष अदालतले दोषी ठहर गरेको तर कास्की अदालतले रवि, जिबी र छविलाई उन्मुक्ति दिएको भन्दै आलोचना सुरु भएको छ।

सिभिल सहकारीका तत्कालीन अध्यक्ष तामाङसहित तीन जनालाई विशेष अदालतले २१ माघ २०८० मा सहकारी ठगीसँगै सम्पत्ति शुद्धीकरणसम्बन्धी अभियोगमा दोषी ठहर गरेको थियो। विशेष अदालतको फैसलामा तामाङलाई तीन वर्ष कैद र बिगो तथा जरिबाना गरी तीन अर्ब ३१ करोड रूपैयाँ असुल्न तथा उनको र परिवारको नामको सम्पत्तिसमेत जफत गर्ने भनिएको छ। शिवशिखर सहकारीका पूर्वअध्यक्ष केदारनाथ शर्माविरुद्ध पनि सहकारी ठगीसँगै सम्पत्ति शुद्धीकरणसम्बन्धी आरोपसहितको मुद्दा भएको छ।

रवि, जिबी र छविलालविरुद्धको संगठित अपराध र सम्पत्ति शुद्धीकरणको अभियोग फिर्ता लिने महान्यायाधीवक्ता भण्डारीको निर्णयविरुद्ध सर्वोच्च अदालतमा दर्ता भएको रिट विचाराधीन अवस्थामा रहेको छ।

■■■

## सरकारको...

औषधि आपूर्तिकर्ताले भने अस्पताललाई एक महिना अघिदेखि नै औषधि उपलब्ध गराउन नसक्ने जानकारी गराएको उनले बताए। धेरै जसो क्यान्सरका बिरामीको उपचारमा ती औषधिको प्रयोग गरिन्छ।

कार्यकारी निर्देशक डा. चालिसेले अस्पतालामा उपचार गराउन आउने दैनिक ७० जनालाई ती औषधिको आवश्यक पर्ने गरेको बताए। ती औषधिको अभावमा उपचार भइरहे पनि प्रभावकारी उपचार नहुने उनको भनाइ छ। 'ती औषधिको अभावमा पनि हामीले उपचार गरिरहेका छौं। तर उपचार प्रभावकारी हुँदैन। क्यान्सर निको नहुन सक्छ,' डा. चालिसेले भने।

उनका अनुसार ती औषधिको बजार मूल्य २०० रूपैयाँदेखि दुई हजार रूपैयाँसम्म पर्ने गरेको छ। उनले औषधिको अभाव भएपछि बिरामीले भारत र बाहिर महँगो दरमा औषधि किन्ने गरेका छन्। चितवनस्थित क्यान्सर अस्पतालमा किमोथेरापी उपचारमा प्रयोग हुने औषधि कार्बोप्लाटिन र सिस्प्लाटिन विगत दुई महिनादेखि छैन। अस्पतालका निमित्त कार्यकारी निर्देशक डा. उत्तम नेपालले अस्पतालमा रहेको मौज्दात सकिएको र बिरामीले नपाएको बताए। 'अस्पतालमा भएको मौज्दात सकिएको छ। हामीले बिरामीलाई उपलब्ध गराउन सकेका छैनौं। बाहिरका अस्पताल र आपूर्तिकर्ताले बिरामीलाई दिइरहेका छन्,' उनले भने।

उनका अनुसार अस्पतालमा दैनिक २०० जना जना किमोथेपारी लगाउनुपर्ने बिरामी आउने गरेका छन्। उनले औषधि सकिएको जानकारी स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयमा जानकारी गराइसकेको बताए। उनले विश्व स्वास्थ्य संगठनलाई औषधि उपलब्ध गराउन आग्रह गरिएको बताए।

औषधि व्यवस्था विभागमा सूचना अधिकारी किरण सुन्दर बज्राचार्यले अन्तर्राष्ट्रिय रूपमा ती औषधिको मूल्य बढेकाले नेपालमा समायोजन गर्न नसकिएपछि अभाव भएको बताए। 'आपूर्तिकर्ताले सरकारले तोकेको मूल्यमा आयात गर्न सकेका छैनन्। त्यही भएर औषधिको अभाव देखिएको हो,' उनले भने, 'राजपत्रमा प्रकाशित गरेर मूल्य तोकिएकोले अहिल्यै नै संशोधन गर्न समस्या पर्ने भएको छ। तर हामी मध्यमार्गी समाधानतिर गएर चाँडै नै ती औषधि नेपाल भित्र्याउने तयारीमा रहेका छौं।'

नेपाल औषधि आपूर्तिकर्ता संघका अध्यक्ष पवन आचार्यले अन्तर्राष्ट्रियरूपमा ती औषधिको मूल्य बढेकाले नेपालमा पहिलेकै मूल्यमा औषधि बिक्री गर्न नसकिएकाले आयात नगरिएको बताए। 'सरकारले २०७२ सालमा ती औषधिको मूल्य राजपत्रमा प्रकाशित गरेर तोकेको छ,' उनले भने, 'तर हामी २०७२ को मूल्यमा नै अहिले आएर औषधि दिन सक्दैनौं भनेर सरकारलाई पहिल्यैदेखि नै भन्दै आएका थियौं। सरकारले हाम्रा कुरा नसुनेर अहिलेको अवस्था आएको हो।' उनले औषधिको मूल्य समायोजन हुनसाथ औषधि नेपालमा आयात गर्ने बताए। उनले ती औषधिको मौज्दात कति के छ भनेर अध्ययनसमेत भइरहेको बताए। (राससको सहयोगमा)

■■■

## गैरकानुनी...

अधिकांश श्रमिकहरू गैरकानुनी माध्यमबाट रोजगारीमा जाने गरेकाले शोषणमा परिरहेको उनको भनाइ छ।

हाउले रोजगारदाता र आप्रवासी श्रमिकबीच रहेको शक्ति असन्तुलनबारे चर्चा गर्दै धेरै श्रमिकहरू उचित कानुनी संरक्षण तथा संस्थागत सहयोगबाट वञ्चित रहेको उल्लेख गरिन्। रोमानिया पश्चिम युरोपेली मुलुकहरूमा पुग्ने 'स्टेपिङ स्टोन' बन्न थालेको उनको भनाइ छ। केही वर्षयता रोमानिया पुग्ने श्रमिकहरू त्यहाँ केही समय काम गरेर युरोपका विकसित मुलुकमा छिर्ने गरेका छन्। जसबाट रोमानियाका रोजगारदाताहरू विदेशी श्रमिकलाई आकर्षित गर्न कठिनाइ झेलिरहेको पाइएको उनको भनाइ थियो। श्रमिकहरूलाई व्यवस्थित र संरक्षण गरिए धेरै आप्रवासीहरू लामो समयसम्म रोमानियामा बस्न इच्छुक हुने उनले बताइन्।

रोमानियामा रहेकामध्ये धेरैजसो नेपाल, श्रीलंका, टर्की र भारतका श्रमिक रहेको त्यहाँको सरकारी तथ्यांक छ। त्यहाँको श्रमशक्ति घट्दो क्रममा रहेकाले अन्य क्षेत्रका श्रमिकको माग बढेको जनाइएको छ। उक्त मुलुकमा जाने नेपालीहरू अधिकांश व्यक्तिगत श्रम स्वीकृतिमा गएको पाइन्छ। गत आर्थिक वर्ष २०८१/८२ मा २७ हजार ८७४ जना श्रम स्वीकृति लिएर रोमानिया गएको तथ्यांक छ। त्यसअघि आव २०८०/८१ मा १५ हजार २१ जना रोजगारीका लागि उक्त मुलुक गएका थिए।

■■■

## अमेरिकामाथि...

जारी शृंखलामा अमेरिकाविरुद्ध यो नेपालको दोस्रो जित हो। यसअघि जेठ २ गते भएको खेलमा नेपालले अमेरिकालाई नौ विकेटले पराजित गरेको थियो। स्कटल्याण्डविरुद्धको दुई खेलमा भने नेपालले एकमा जित र एकमा हारको नतिजा निकालेको थियो।

शुक्रबारको जितसँगै नेपालले २८ खेलबाट २४ अंक जोडेको छ। शीर्ष स्थानमा रहेको अमेरिका र दोस्रो स्थानमा रहेको स्कटल्याण्डको समान ३८ अंक रहेको छ। ओमान र नेदरल्याण्ड्स क्रमशः तेस्रो र चौथो स्थानमा रहेका छन्। ओमानको ३१ तथा नेदरल्याण्ड्सको २८ अंक रहेको छ। नेपालपछि छैटौं स्थानमा रहेको नामिबियाको २२, सातौं स्थानमा क्यानडाको २१ र अन्तिममा रहेको युएईको १४ अंक रहेको छ। अंक तालिकाको शीर्ष चारमा रहेका टोलीले सीधै विश्वकप खेल्न पाउँछन्। त्यसैले नेपालको लक्ष्य शीर्ष चारमा पर्ने रहेको छ।

# हिमाल आरोही शेर्पा र कार्कीलाई सम्मान

**काठमाडौं (प्रस)**– विश्वको सर्वोच्च शिखर सगरमाथा तथा लोत्से हिमाल आरोही सशस्त्र प्रहरी सहायक निरीक्षक निमदिकी शेर्पा र सगरमाथा आरोही सशस्त्र प्रहरी सहायक हवल्दार अनिता कार्कीलाई सम्मान गरिएको छ। सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय हलचोक स्वयम्भूमा शुक्रबार एक कार्यक्रमकाबीच सशस्त्र प्रहरी महानिरीक्षक नारायणदत्त पौडेलले उनीहरूलाई सम्मान गरेका हुन्।

सोही अवसरमा सशस्त्र प्रहरी महानिरीक्षक पौडेलले सगरमाथा तथा लोत्से हिमालको सफलतापूर्वक आरोहण गरेका सशस्त्र प्रहरी सहायक निरीक्षक शेर्पा र सशस्त्र प्रहरी सहायक हवल्दार कार्कीलाई हार्दिक बधाई दिँदै हिमालको चुचुरोमा राष्ट्र तथा संगठनको झण्डा फहराउनु गौरवको विषय भएको बताए।

उनले उच्च मनोवल तथा आँट र साहस लिइ विश्वको सर्वोच्च शिखर सगरमाथामा राष्ट्र तथा संगठनको झण्डा फहराउँदा सकल दर्जाका सशस्त्र प्रहरी कर्मचारीहरूको मनोवलमा हौसला, प्रेरणा र उत्साह मिलेको चर्चा गर्दै यस्ता प्रकृतिका कार्यहरूलाई संगठनले अझै उच्च प्राथमिकता साथ अगाडि बढाउने बताए।

सशस्त्र प्रहरी महानिरीक्षक पौडेलले सशस्त्र प्रहरी कर्मचारीहरूले विश्वको सर्वोच्च शिखरको सफल आरोहणका साथै हिमाली तथा उच्च पहाडी सीमावर्ती क्षेत्रमा सुरक्षा र आपतकालीन उद्धार क्षमतालाई सुदृढ बनाउन मनाङस्थित पर्वतीय उद्धार तालिम शिक्षालयमा उच्च भू-भाग खोज तथा उद्धारलगायत तालिमहरूको सञ्चालनले हिमाली तथा उच्च पहाडी भू-भागहरूमा उद्धार तथा सीमा सुरक्षा कार्यमा सशस्त्र प्रहरी बल नेपाल थप सक्षम हुँदै गएको बताए।

सो कार्यक्रममा शेर्पा र कार्कीले राष्ट्र र संगठनको झण्डा सर्वोच्च शिखर सगरमाथामा फहराउन पाउनु गर्वको विषय भएको र सफल आरोहणका लागि सहयोग, समन्वय तथा साथ दिनुहुने सशस्त्र प्रहरी बल नेपाललगायत सम्पूर्णमा धन्यवाद व्यक्त गरेका थिए।

सशस्त्र प्रहरी सहायक हवल्दार कार्कीले जेठ ३ गते बिहान १० बजेर २० मिनेटमा विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरेकी थिइन्। यसैगरी सशस्त्र प्रहरी सहायक निरीक्षक शेर्पाले सोही दिन बिहान ११ बजेर ५५ मिनेटमा सगरमाथा र जेठ ४ गते दिउँसो ३ बजेर २५ मिनेटमा लोत्से हिमालको सफल आरोहण गरेकी थिइन्। सशस्त्र प्रहरी बल, नेपालको तर्फबाट सगरमाथा आरोहण गर्ने उनीहरू पहिलो महिला आरोही हुन्। उनीहरूको यस ऐतिहासिक सफलताले सशस्त्र प्रहरी बल नेपालभित्र महिला सहभागिता, क्षमता र नेतृत्वलाई अझ प्रेरित तथा उत्साहित बनाउने विश्वास लिइएको छ।


### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०२/०९ गते**

यस कम्पनीको मिति २०८३/०१/२३ को साधारण सभा/ विशेष साधारण सभाको निर्णय बमोजिम साविकको नाम **डि.बि.एम इन्भेस्टमेन्ट** (दर्ता नं. ३३७१६९) को नाममा रहेको चल-अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण दायित्व परिवर्तित कम्पनी **स्वस्ति भेन्चर्स प्रा.लि.**ले सकार्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराउँछौ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रोपटक प्रकाशित मिति : २०८३/०२/०९ गते**

यस कम्पनीको मिति २०८२/०३/१७ मा सम्पन्न भएको विषेश साधारण सभाद्वारा यस **श्री व्यवसायिक प्रशिक्षण केन्द्र** को नाम परिवर्तन गरी **श्री एस्थेटिक्स ब्युटी ऐकेडेमी (दर्ता नम्बर: २२१९५।४९२ र स्थायी लेखा नम्वर** (PAN **नम्बर: ३०२२५९१७१**) कायम भई श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८२/१२/३० गतेको निर्णय अनुसार स्विकृति प्रदान गरिएको छ। साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### कम्पनीको नाम परिवर्तन भएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८३/०२/०८

यस कम्पनीको मिति २०८३/०२/०५ मा सम्पन्न साधारण सभाको निर्णय अनुसार साविक कम्पनी हेलो **इ.पि.एस प्रा. लि. (प्रा. लि. नं. ३०३३२०/७९/८०)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु बुझाउनु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०२/०७ गतेको निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **अबान्ते कोरियन भाषा केन्द्र प्रा. लि.** कायम हुन आएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति: २०८३/०२/०९**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८१/०८२ मा उत्पादन भई जिल्ला वन पैदावार आपूर्ति समितिलाई छुट्टयाइएकोमा आपूर्ति समितिबाट फिर्ता भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान ३९ को ४८९.३३ घनफिट काठ जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ।

**पशुपति सामुदायिक वन उपभोक्ता समूह**
**बागमती- ७, मकवानपुर**

### वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति: २०८३/०२/०९**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८१/०८२ मा उत्पादन भई जिल्ला वन पैदावार आपूर्ति समितिलाई छुट्टयाइएकोमा आपूर्ति समितिबाट फिर्ता भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान ४८ को ५३५.५८ घनफिट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ।

**कालेश्वर सामुदायिक वन उपभोक्ता समूह**
**बकैया- ८, मकवानपुर**

### बिमालेख हरायो

मिति २०८३/०१/२५ गते काठमाडौँस्थित असनबाट नयाँबजार जाने क्रममा मेरो निम्न व्यहोरा भएको बीमा अभिलेख प्रमाणपत्र हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु।

**नाम :** Srijana Sthapit Tuladhar (सृजना स्थापित तुलाधर)
**बिमालेख नं.:** 110030338
**कम्पनी :** Life Insurance Corporation (Nepal) Ltd.
**ठेगाना :** NayaBazar, Kathmandu
**सम्पर्क नं :** 9841531308

### सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १३ अंक २९ जेठ ८ गते २०८३ मा प्रकाशित **राहदानी बुझ्री लैजानु हुने बारे सार्वजनिक सूचनमा** Yatra H.R. Solution Pvt.Ltd. को ईजाजत नम्बर १०९६/०७३/०७४ हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा जानकारी गरिन्छ।

Govt.Lic. No 1096/073/74
YATRA H.R. SOLUTION PVT. LTD.
Old Baneshwor-09, Kathmandu, Nepal, T: +977-1-4114682, +977-1-4114683
Email:- info@yatrahrsolution.com, yatrahr2017@gmail.com, Web: www.yatrahrsolution.com

### ओरिजिनल सर्टिफिकेट हराएको सूचना

मिति २०८३/०१/०३ गते काठमाडौं, ताहाचलदेखि सीता पाइला जाने क्रममा मेरो निम्न व्योहोरा भएको पोखरा विश्वविद्यालयबाट जारी ब्याचलर तह (BBA) को ओरिजिनल सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु।

**Name : Sisan Baniya**
**University Roll no. 831235**
**PU Reg. No. 2007-2-03-0594**
**College : Apex College**
**Address : Kathmandu**
**Contact : 9863833052**

### बिमालेख हरायो

मिति २०८३/०१/२५ गते काठमाडौँस्थित असनबाट नयाँबजार जाने क्रममा मेरो निम्न व्यहोरा भएको बीमा अभिलेख प्रमाणपत्र हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु।

**नाम :** Sunil Bir Singh Tuladhar (सुनिल वीर तुलाधर)
**बिमालेख नं.:** 110030134
**कम्पनी :** Life Insurance Corporation (Nepal) Ltd.
**ठेगाना :** NayaBazar, Kathmandu
**सम्पर्क नं :** 9851070670


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

शनिबार, ९ जेठ, २०८३

| | |
|---|---|
| मेष | आज नयाँ कामको सुरुवातका लागि राम्रो दिन छ। आर्थिक पक्षमा सुधार आउने संकेत छन्। |
| वृष | धैर्य र संयमले सफलता दिलाउनेछ। अनावश्यक खर्च बढ्न सक्ने भएकाले सचेत रहनुहोस्। |
| मिथुन | सिर्जनात्मक काममा सफलता मिल्नेछ। अध्ययन तथा लेखन क्षेत्रमा राम्रो अवसर प्राप्त हुन सक्छ। |
| कर्कट | परिवारको साथ र सहयोग प्राप्त हुनेछ। काममा केही चुनौती आए पनि समाधान भेटिनेछ। |
| सिंह | नेतृत्व क्षमता बढ्ने दिन छ। सामाजिक सम्मान प्राप्त हुनेछ। आर्थिक लाभका अवसर देखा पर्नेछन्। |
| कन्या | मेहनत अनुसार फल प्राप्त हुनेछ। प्रेम सम्बन्धमा विश्वास बढ्नेछ। अत्यधिक कामले थकान हुन सक्छ। |
| तुला | मन सकारात्मक रहनेछ। व्यापार तथा व्यवसायमा लाभ मिल्ने सम्भावना छ। छोटो यात्रा सुखद रहला। |
| वृश्चिक | धैर्य र मेहनतले सफलता मिल्नेछ। प्रतिस्पर्धामा जित हासिल गर्न सकिनेछ। |
| धनु | रोकिएका काम पूरा हुन सक्छने। अध्ययन तथा करियर क्षेत्रमा राम्रो प्रगति हुनेछ। |
| मकर | कामको चाप बढे पनि परिणाम सकारात्मक रहनेछ। परिवारको सल्लाह उपयोगी हुनेछ। |
| कुम्भ | नयाँ अवसर प्राप्त हुन सक्छ। साथीभाइको सहयोगले काम सफल बन्नेछ। |
| मीन | मन शान्त र सकारात्मक रहनेछ। धार्मिक तथा सामाजिक कार्यमा रुचि बढ्नेछ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

९ जेठ, २०८३ (२३ मे २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५४.६२ | १५५.२२ |
| युरो | १ को | १७९.३१ | १८०.०१ |
| पाउन्ड स्टिर्लङ | १ को | २०७.१४ | २०७.९४ |
| स्विस फ्रैन्क | १ को | १९५.६२ | १९६.३८ |
| अस्ट्रेलियन डलर | १ को | ११०.१६ | ११०.५९ |
| क्यानाडियन डलर | १ को | ११२.३२ | ११२.७६ |
| सिङगापुर डलर | १ को | १२०.७४ | १२१.२१ |
| जापानी येन | १० को | ९.७२ | ९.७६ |
| चिनियाँ युआन | १ को | २२.७३ | २२.८२ |
| साउदी अरब रियाल | १ को | ४१.२० | ४१.३६ |
| कतारी रियाल | १ को | ४२.४२ | ४२.५८ |
| थाई भाट | ख १ को | ४.७३ | ४.७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४२.१० | ४२.२६ |
| मलेसियन रिङेट | १ को | ३८.९५ | ३९.१० |
| दक्षिण कोरियन वन | १०० को | १०.२७ | १०.३१ |
| स्विडिस क्रोनर | १ को | १६.४६ | १६.५२ |
| डेनिस क्रोनर | १ को | २३.९९ | २४.०९ |
| हङकङ डलर | १ को | १९.७४ | १९.८१ |
| कुवेती दिनार | १ को | ५०३.९८ | ५०५.९३ |
| बहराइन दिनार | १ को | ४१०.०५ | ४११.६४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ।

# 'सडक र सवारी लक्षित मनसुनजन्य विपद् न्यूनीकरण अभियान' सुरु

**काठमाडौं–** मनसुनजन्य विपद्का कारण हुनसक्ने सडक र सवारी क्षतिलाई न्यूनीकरण गर्न 'सडक र सवारी लक्षित मनसुनजन्य विपद् न्यूनीकरण अभियान-२०८३' सुरु गरिएको छ ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयको आयोजना तथा नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ र विभिन्न मजदुर संघसंगठनको सहकार्यमा उक्त अभियानको शुक्रबर गोंगबुस्थित नयाँबसपार्कबाट शुभारम्भ गरिएको हो ।

अभियानको काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी अतिरिक्त महानिरीक्षक ईश्वर कार्कीले शुभारम्भ गरे । कार्यक्रममा उनले मनसुनजन्य विपद्का कारण हुनसक्ने सडक र सवारी क्षतिलाई न्यूनीकरण गर्न अभियानले महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । प्रहरी अतिरिक्त महानिरीक्षक कार्कीले पछिल्ला समय मौसम पूर्वानुमान महाशाखाबाट जारी गरिएको मौसम पूर्वानुमानको जानकारी मिल्न थालेको भन्दै उक्त मौसमलाई पछ्याएर यात्रा गर्दा दुर्घटना न्यूनीकरणमा सहयोग पुग्ने बताए । मौसमको पूर्वानुमानको कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी चालक, सहचालक र यात्रुको भएको उनको भनाइ छ ।

प्रहरी अतिरिक्त महानिरीक्षक कार्कीले काठमाडौंको गोंगबुमा नयाँबसपार्क सञ्चालन भए पनि जथाभावी रूपमा बसपार्क बाहिरबाट सार्वजनिक यातायात सञ्चालन गर्दा काठमाडौंभित्रको ट्राफिक व्यवस्थापनमा समस्या भएको बताए । सोही कारण बसापार्क बाहिरबाट यातायात सञ्चालन गरिए कारबाही गरिने उनले स्पष्ट पारे । उनले अब सबै सार्वजनिक सवारीसाधनलाई अनलाइनमार्फत टिकट काट्ने व्यवस्था मिलाउन लागिएको जानकारी दिए ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष पुण्यप्रसाद सिटौलाले विगतका दिनमा सिमलताल र झ्याप्ले खोलालगायत स्थानमा भएका सवारी दुर्घटनाबाट पाठ सिकेर उक्त अभियान सञ्चालनमा ल्याइएको भन्दै यसलाई कार्यान्वयन गर्ने जिम्मेवारी यातायात व्यवसायी, मजदुर तथा यात्रुको भएको बताए । उनले सरकारले अगाडि सारेको यो अभियान यातायात व्यवसायी, मजदुर र यात्रुको पनि भएकाले यसलाई पूर्णरूपमा कार्यान्वयनमा लैजाने प्रतिबद्धता व्यक्त गरे । सरकारले गरेका सकारात्मक कामलाई यातायात व्यवसायीको सदैव साथ र सहयोग रहने उनको भनाइ छ ।

अध्यक्ष सिटौलाले बस पार्किङका लागि काठमाडौंसहित देशभर व्यवस्थित बसपार्क बनेको भन्दै अब बसपार्कबाट मात्र सार्वजनिक सवारीसाधन सञ्चालन हुनुपर्ने बताए । उनले काठमाडौंभित्रको सबै सार्वजनिक बस नयाँबसपार्कभित्रबाट सञ्चालन हुने र यसको व्यवस्थापन लोत्से बहुउद्देश्यीय प्रालिले गर्नुपर्ने उल्लेख गरे । उनले सार्वजनिक यातायातका चालक, सहचालकले यात्रुलाई राम्रो व्यवहार गर्नुका साथै बाटोमा अर्ग्यानिक र स्थानीय खाना खुवाउनुपर्नेमा जोड दिए ।

राष्ट्रिय विपद् तथा जोखिम न्यूनीकरण प्राधिकरणका प्रतिनिधि रामबहादुर केसी, राष्ट्रिय सडक सुरक्षा परिषद्का प्राविधिक सल्लाहकार सरोज प्रधानलगायतले प्रविधिको उच्चतम प्रयोग गर्दै दुर्घटना न्यूनीकरण गर्न यो अभियानमार्फत सहयोग पुग्ने विश्वास व्यक्त गरे । अखिल नेपाल यातायात मजदुर संघका अध्यक्ष दीपक केसीले यात्राका क्रममा सडक भास्सिने, पहिरो खस्ने, बाढी आउनेलगायत समस्याका कारण ठूलो जनधनको क्षति हुने गरेको भन्दै यो न्यूनीकरणका लागि अभियानले सहयोगी भूमिका खेल्ने विश्वास व्यक्त गरे ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारीले काठमाडौंबाट बाहिरिने सार्वजनिक सवारीसाधनलाई मनसुनजन्य गतिविधिबाट कुनै पनि क्षति नहोस् भन्ने उद्देश्यले अभियान सञ्चालन गरिएको जानकारी दिए ।

उक्त अभियानअन्तर्गत गोंगबुको नयाँबसपार्क, कलंकी, नागढुंगा, कोटेश्वर, जगाति, बल्खुलगायतका क्षेत्रमा यात्रु सहायता कक्ष सञ्चालन गरी मनसुनजन्य विपद्बाट जोगिनका लागि जनचेतनामूलक सामग्री प्रदान गरिने उनले बताए । ट्राफिक प्रमुख अधिकारीले सार्वजनिकसवारीसाधनमा यथाशीघ्र सिसीक्यामरा, जिपिएस सिस्टम जडान गरेर निगरानी गरिने पनि जानकारी दिए ।

### यात्रुलाई 'ब्यागेज ट्याग' अनिवार्य

सार्वजनिक सवारीसाधनमा यात्रा गर्ने यात्रुलाई झोला स्टिकर 'ब्यागेज ट्याग' प्रदान गरिने भएको छ । सार्वजनिक सवारीसाधनमा यात्रा गर्ने यात्रुको झोला हराउने, चोरी हुने, साटिनेलगायत समस्या बढ्न थालेपछि 'ब्यागेज ट्याग' अनिवार्य गर्न लागिएको हो ।

ब्यागेज ट्याग अनिवार्य गर्नेसम्बन्धी शुक्रबार काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक अधिकारी र नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष सिटौलाले सम्झौतापत्रमा हस्ताक्षर गरे ।

ब्यागेज ट्याग प्रणालीलाई आगामी जेठ १५ देखि अनिवार्यरूपमा लागू गर्नेगरी तयारी भइरहेको महासंघका अध्यक्ष सिटौलाले जानकारी दिए । कार्यक्रममा ट्राफिक प्रहरी वृत्त नयाँबसपार्कको भवन निर्माणमा सहयोग गर्ने ग्रिनसिटी अस्पतालका अध्यक्ष वरिष्ठ समाजसेवी लोकबहादुर टण्डन र सामाखुसी टाउन प्लानिङ समितिका अध्यक्ष पाण्डव श्रेष्ठलाई सम्मान गरिएको थियो । *रासस*

> सार्वजनिक सवारीसाधनमा यात्रा गर्ने यात्रुलाई झोला स्टिकर 'ब्यागेज ट्याग' प्रदान गरिने भएको छ । सार्वजनिक सवारीसाधनमा यात्रा गर्ने यात्रुको झोला हराउने, चोरी हुने, साटिनेलगायत समस्या बढ्न थालेपछि 'ब्यागेज ट्याग' अनिवार्य गर्न लागिएको हो ।

## ३५ (पैंतिस) दिने धितो लिलामीको सूचना

**प्रथम पटक प्रकाशित मिति:२०८३/०२/०९ गते**

यस श्रीयन्त्र बचत तथा ऋण सहकारी संस्था लि.का तपसिलमा उल्लेखित तपाईले कर्जा उपभोग गर्दै आउनु भएकोमा कर्जाको संस्थालाई समय समयमा तिर्न बुझाउनु पर्ने साँवा व्याज आदि भुक्तान गर्न आउन तपाईं ऋणीलाई पटक पटक मौखिक तथा लिखित रूपमा ७ (सात), १५ (पन्ध्र) तथा ३५ (पैंतिस) दिने सूचना दिई तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता गर्न कुनै चासो नदेखाई बेवास्ता गरेकोले धितो लिलामीको ३५ दिने सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको **३५ (पैंतिस)** दिनभित्र ऋणी संस्थामा उपस्थित भई आफूले तिर्नुपर्ने ऋण कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दै-दस्तुर (धितो लिलाम प्रक्रियामा भएका सबै खर्चहरू) चुक्ता-भुक्तान गरेमा सो धितो लिलामीको प्रक्रिया नै स्थगित गर्न सकिनेछ । तोकिएको म्यादभित्र पनि ऋण कर्जा चुक्ता नगरेमा सहकारी ऐन २०७४, नियमावली २०७५ तथा प्रचलित नेपाल कानून बमोजिम संस्थाले लिलाम विक्री गर्ने भएकोले लिलाममा डाक बढाबढ गरी लिन चाहने ईच्छुक महानुभावहरूले यो सूचना प्रकाशित भएको मितिले **३६ औं दिन** (उक्त दिन विदा परेमा सो को भोलिपल्ट) बिहान ११०:०० बजे यस संस्थाको कार्यालयमा उपस्थित भई आफूले सकार गर्न चाहेको मूल्यमा बोलकबोल गर्नहुन यसै सूचनाद्वारा आह्वान गरिन्छ । धितो लिलामी डाक बढाबढ बोलकबोल कसैले नसकारेमा सहकारी नियमावली २०७५ को नियम ३५ बमोजिम संस्था आफैले सो धितो लिलाम सकार गर्नेछ । धितो लिलाम बढाबढमा सबैभन्दा बढी कबोल गर्ने व्यक्तिले कबोल रकमको १० प्रतिशत रकम नगदै धरौटी स्वरूप सोही दिन संस्थामा जम्मा गर्नुपर्नेछ । कबोल रकमको बाँकी रकम ७ (सात) दिनभित्र जम्मा गरी सक्नुपर्नेछ । तोकिएको म्यादभित्र बाँकी रकम नबुझाएमा धरौटी स्वरूप राखेको रकम जफत गरिनेछ । तपसिलमा उल्लेखित सुरक्षणको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्र सम्पर्क राखि लिन सकिनेछ ।

**तपसिल**

| ऋणीको विवरण | लिलाम हुे जग्गाको विवरण |
|---|---|
| **ऋणीको नाम** : **लक्ष्मी कार्की**<br>**बाबुको नाम** : नरेन्द्र बहादुर कार्की<br>**बाजेको नाम** : तिलक बबहादुर कार्की<br>**ठेगाना** : उदयपुर जिल्ला, साविक तपेश्वरी गा.वि.स.वडा नं.९, आमबासी, (परिवर्तित ठेगाना बेलका न.पा.वडा नं.१)<br>**हालको ठेगाना** : काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा.वडा नं.५ पहेंलोपुल)<br>**ना.प्र.नं.** : २८४८६/४०४४, जारी मिति २०५२/०१/१३ | **धितोको विवरण** : लक्ष्मी कार्कीको नाममा रहेको उदयपुर जिल्ला, साविक तपेश्वरी गा.वि.स.वडा नं.९, परिवर्तित बेलका न.पा.वडा नं. १ को नक्सा सिट नं. ९ 'क' कि.नं.१५३१ को क्षे.फ.०-०-७-० (विघा) र १५३३ को क्षे.फ.०-०-८.२५-० (विघा) जग्गा र सो जग्गाले चर्चेको लिगलिगापात समेत । |

**श्रीयन्त्र बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
पिंगलास्थान-९, गौशाला, काठमाडौं
फोन नं.०१-४५८३२४५, E-mail : shreeyantrasaccos@gmail.com

## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति: २०८३/०२/०९**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान १३२ को १७९६.९५ घनफिट काठ तथा साल जातको दाउरा २.५० चट्टा जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**चुरिमाई सामुदायिक वन उपभोक्ता समूह**
**बागमती- ४, मकवानपुर**

## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति: २०८३/०२/०९**

यस साम'दायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल र खयर जातको गोलिया थान २५३ को ७८७.९५ घनफिट काठ तथा साल जातको दाउरा १.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजान' पर्ने गरी लिलाम बिक्री गर्न' पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । प'र्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**पारिपाखा हर्दाडाँडा सामुदायिक वन उपभोक्ता समूह**
**बागमती- ७, मकवानपुर**


## मलेसियामा रोजगार

कम्पनी : SWISS PROFILE SDN BHD — Address: Tingkat Perusahaan 6B, Prai Free Industrial
पूर्व स्वीकृति मिति : २०८३/०२/०८ | LT. No. 342528 | चलानी नं. ६०२५५८२९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 7 | 0 | 1700 | ६५,९४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : LINSIN INFINITY SDN BHD — Address: Jalan Sentral Jaya, Pusat Perniagaan Sen
पूर्व स्वीकृति मिति : २०८३/०२/०८ | LT. No. 342529 | चलानी नं. ६०२५५८३०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew/Male | 70 | 0 | 1700 | ६५,९४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय, काठमाडौंमा मिति: २०८३ जेठ १६ गते (30th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKYPOWER FORCE PVT.LTD. (SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.)
Jana Marga Chappal Karkhana, Kathmandu, Tel:-+977 01-5928974, 01-5928975
Mobile: 9707074612, 9707074613 Bijay Kc, Email:- bijay.skypowernepal@gmail.com
श्रम ईजाजत नं. १२७५/०७४/७५



## साउदीमा रोजगार

कम्पनी : PERFECT POLISHING AUTO SERVICES
पूर्व स्वीकृति मिति : २०८३/०२/०६ | LT. No. 342375 | चलानी नं. ६०२५५८०९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 3 | 0 | 1000 | ४०,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : BADOUR MU'ZI AL-ANZI TAILORING FOR WOMEN
पूर्व स्वीकृति मिति : २०८३/०२/०७ | LT. No. 342467 | चलानी नं. ६०२५५८०८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 1 | 0 | 1000 | ४०,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय, काठमाडौंमा मिति: २०८३ जेठ १६ गते (30th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: [the same seven-point advisory as in the first advertisement]

Pigeon HR Solutions Pvt. Ltd
Kathmandu-26, Nepal, Tel: +977-01-4965022, E-mail: info@pigeonhr.com.np
श्रम ईजाजत नं. १३६६/००७४/०७५



## कतारमा रोजगार

कम्पनी : THE SHADES BEAUTY SPA
पूर्व स्वीकृति मिति : २०८३/०२/०८ | LT. No. 342489 | चलानी नं. ६०२५५८००

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Technician | 0 | 1 | 1700 | ७१,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १६ गते (30th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: [the same seven-point advisory as in the first advertisement]

LIC No. 1476/074/75
NEPAL LIFE RECRUITMENT AGENCY PVT LTD
Gaushala, Pingalaisthan, Kathmandu, Nepal, Tel: 014598920,
Mob: 9713026256, E-mail : nepallifera1476.2017@gmail.com



## साउदीमा रोजगार

कम्पनी : EKAL HUMAN RESOURCES COMPANY
पूर्व स्वीकृति मिति : २०८३/०२/०८ | LT. No. 342481 | चलानी नं. ६०२५५७९९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hospital Cleaner | 35 | 0 | 1000 | ४०,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय, ललितपुरमा मिति: २०८३ जेठ १६ गते (30th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: [the same seven-point advisory as in the first advertisement]

Humour Overseas Pvt. Ltd.
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com
श्रम ईजाजत नं. ७७७/०६५/०६६



## साउदीमा रोजगार

कम्पनी : GLIMGARD ESTABLISHMENT
पूर्व स्वीकृति मिति : २०८२/१०/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/०८ | LT. No. 338129 | चलानी नं. ६०२५१६३९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 2 | 0 | 1000 | ४०,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय, काठमाडौंमा मिति: २०८३ जेठ १६ गते (30th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: [the same seven-point advisory as in the first advertisement]

Kapeel Manpower Pvt. Ltd.
Kupandole, Lalitpur, Nepal, Tel: 01-5451901, Official Cell : 9702699002, Sanjay Maharjan : 9851324457
E-mail: kapeelmanpowerpvtltd@gmail.com, Website: www.kapeelmanpower.com.np
श्रम ईजाजत नं. १८७/०५७/०५८



## ओमनमा रोजगार

कम्पनी : AL ADRAK TRADING AND CONTRACTING LLC
पूर्व स्वीकृति मिति : २०८३/०२/०७ | LT. No. 342444 | चलानी नं. ६०२५५८२७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Plumber | 10 | 0 | 120 | ४७,७७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Brickers (Bricklayers) | 20 | 0 | 120 | ४७,७७२ | | | | | | | |
| 3 | Bricklayer/ Mason | 30 | 0 | 120 | ४७,७७२ | | | | | | | |
| 4 | Industrial Electrician | 5 | 0 | 120 | ४७,७७२ | | | | | | | |
| 5 | Mason Concrete Block Layer | 50 | 0 | 120 | ४७,७७२ | | | | | | | |
| 6 | Stone Mason | 45 | 0 | 120 | ४७,७७२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान
१. बाँके- नेपालगञ्ज उप-महानगरपालिका, नेपालगञ्ज ट्रेडिङ सेन्टरमा मिति: २०८३ जेठ १७ गते (31th May 2026) मा हुनेछ ।
२. काठमाडौं- काठमाडौं महानगरपालिका, वर्ल्ड नेट स्किल ट्रेडिङ सेन्टरमा मिति: २०८३ जेठ १८ गते (1st Jun 2026) मा हुनेछ ।
३. झापा- दमक नगरपालिका, पाथीभरा ट्रेडिङ सेन्टरमा मिति: २०८३ जेठ १९ गते (2nd Jun 2026) मा हुनेछ ।
४. झापा- बिर्तामोड नगरपालिका, झापा ट्रेडिङ सेन्टरमा मिति: २०८३ जेठ १९ गते (2nd Jun 2026) मा हुनेछ ।
५. सुनसरी- इटहरी उप-महानगरपालिका, सुनसरी ट्रेडिङ सेन्टरमा मिति: २०८३ जेठ २० गते (3rd Jun 2026) मा हुनेछ ।
६. सिराहा- गोलबजार नगरपालिका, माँ धार्मिनी ट्रेडिङ सेन्टरमा मिति: २०८३ जेठ २१ गते (4th Jun 2026) मा हुनेछ ।
७. सिराहा- मिर्चैया नगरपालिका, मिर्चैया टेक्निकल एण्ड ट्रेडिङ सेन्टरमा मिति: २०८३ जेठ २१ गते (4th Jun 2026) मा हुनेछ ।
८. धनुषा- जनकपुर उप-महानगरपालिका, फ्रेन्डसिप ट्रेडिङ सेन्टरमा मिति: २०८३ जेठ १२ गते (5th Jun 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: [the same seven-point advisory as in the first advertisement]

Hit Overseas Employment Pvt.Ltd.
Basundhara, Kathmandu, Nepal, Tel: +977- 01-4359147, 4357454, 4970077
Bhuban Pun : 9851056401, E-mail : hitoverseasemployment@gmail.com
श्रम ईजाजत नं. १३७/०५५/०५६



## युएइमा रोजगार

कम्पनी : EXPLORER FOR EMPLOYMENT SERVICES - LLC
पूर्व स्वीकृति मिति : २०८२/०८/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/०८ | LT. No. 334492 | चलानी नं. ६०२४७९५८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Blacksmith | 49 | 0 | 1500 | ६२,८१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Concrete Masons | 6 | 0 | 1500 | ६२,८१५ | | | | | | | |
| 3. | Plumber | 50 | 0 | 1500 | ६२,८१५ | | | | | | | |
| 4. | Scaffolder | 50 | 0 | 1500 | ६२,८१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय, काठमाडौंमा मिति: २०८३ जेठ १६ गते (30th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: [the same seven-point advisory as in the first advertisement]

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
Tokha -07, Basundhara, Kathmandu, Nepal
(Anita Nepal) 9709459391, E-mail : strikeforceasiarecruitment@gmail.com
LIC 1675/080/81



## साउदीमा रोजगार

कम्पनी : MASARAT AL BON COMPANY FOR BEVERAGE SERVICES
पूर्व स्वीकृति मिति : २०८३/०२/०८ | LT. No. 342538 | चलानी नं. ६०२५५८१९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 9 | 0 | 1200 | ४९,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय, काठमाडौंमा मिति: २०८३ जेठ १६ गते (30th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: [the same seven-point advisory as in the first advertisement]

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Srijanshil Marg, Basundhara, Kathmandu, Nepal Tel: +977 1 4442794, Wasim Ansari 980-8960228, E-mail : alkausar.hrm@gmail.com



## साउदीमा रोजगार

कम्पनी : ABDULKARIM ALRAJHI STEEL COMPANY
पूर्व स्वीकृति मिति : २०८३/०२/०७ | LT. No. 341954 | चलानी नं. ६०२५५७८१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 4 | 0 | 1300 | ५३,२६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १६ गते (30th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: [the same seven-point advisory as in the first advertisement]

B. D. INTERNATIONAL RECRUITMENT SERVICES PVT. LTD.
Batishputali, Kathmandu, Nepal, Tel No: 01-5925622, Mobile: 9801024865, Shailendra Dev (9813185078)
Email Id: info@bdinternational.com.np, bdinternationalrecruitment@gmail.com, Web: www.bdinternational.com.np
श्रम ईजाजत नं. १७३०/०८१/०८२



## कुवेतमा रोजगार

कम्पनी : Al-Essa and Haddad Company for Trade & Decoration Works / Jamal Kamel Daoud Noman & his Partner
पूर्व स्वीकृति मिति : २०८२/०२/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/०८ | LT. No. 325281 | चलानी नं. ६०२३९२४४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aluminium Fitter | 10 | 0 | 125 | ६१,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Helper | 10 | 0 | 85 | ४२,०३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय, काठमाडौंमा मिति: २०८३ जेठ १६ गते (30th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: [the same seven-point advisory as in the first advertisement]

EXPRESS RECRUITER NEPAL PVT. LTD
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com



## युएइमा रोजगार

कम्पनी : BLUE ROYAL TECHNICAL SERVICES L.L.C
पूर्व स्वीकृति मिति : २०८३/०२/०७ | LT. No. 342446 | चलानी नं. ६०२५५७४५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Air Conditioning Mechanic Assistant | 2 | 0 | 1200 | ५०,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Bus Drivers | 1 | 0 | 2000 | ८३,७५५ | | | | | | | |
| 3. | Carpenter (Building) | 2 | 0 | 1500 | ६२,८१५ | | | | | | | |
| 4. | Labour | 3 | 0 | 1000 | ४१,८७५ | | | | | | | |
| 5. | Painter Assistant Wood | 2 | 0 | 1200 | ५०,२५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय, काठमाडौंमा मिति: २०८३ जेठ १६ गते (30th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: [the same seven-point advisory as in the first advertisement]

GREEN LIGHT OVERSEAS PVT. LTD
Basundhara-3, Kathmandu Tel : +977-1-5905757, 5905758, +977 985-1358431
Aruna Rai 9851249854, Email:info@greenlight.com.np, Web: www.greenlight.com.np
श्रम ईजाजत नं. 1365/074/75



## कतारमा रोजगार

कम्पनी : ARISFA CLEANING AND HOSPITALITY SERVICES
पूर्व स्वीकृति मिति : २०८३/०२/०८ | LT. No. 342511 | चलानी नं. ६०२५५८१८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 4 | 0 | 2500 | १०५,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Electrical Technicians | 3 | 0 | 2500 | १०५,४६५ | | | | | | | |
| 3 | Foreman | 5 | 0 | 2500 | १०५,४६५ | | | | | | | |
| 4 | Hotel Cleaner | 0 | 2 | 1200 | ५०,६२५ | | | | | | | |
| 5 | Office Cleaner | 15 | 2 | 1100 | ४६,४०५ | | | | | | | |
| 6 | Sales Executive | 1 | 0 | 3000 | १२६,५६० | | | | | | | |
| 7 | Service Agents | 10 | 0 | 1500 | ६३,२८० | | | | | | | |
| 8 | Supervisor | 4 | 0 | 3000 | १२६,५६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय, काठमाडौंमा मिति: २०८३ जेठ १६ गते (30th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: [the same seven-point advisory as in the first advertisement]

Lucky Human Resource Pvt.Ltd.
Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np
श्रम ईजाजत नं. १३०२/०७४/०७५

# मलमासमा जाग्ने गेरुका धामको महिमा

गेरुका धाममा स्नान गर्न आउने धेरै श्रद्धालु भक्तजन आफूले मनोकामना पूरा भएको अनुभव सुनाउने गर्छ । कतिपय भक्तजन हरेक पुरुषोत्तम मासमा यहाँ आउने परम्परा निभाउँदै आएका छन् । वृद्धवृद्धादेखि युवायुवती र बालबालिकासम्मको सहभागिताले मेलालाई अझ जीवन्त बनाएको छ । गेरुका नदीको प्राकृतिक सौन्दर्य पनि आकर्षणको केन्द्र बनेको छ ।



धनुषा र महोत्तरी जिल्लाको सीमामा अवस्थित यस ऐतिहासिक तथा धार्मिकस्थलमा बिहानैदेखि हजारौं श्रद्धालु भक्तजन पवित्र स्नान, पूजा-आराधना र दर्शनका लागि पुग्न थालेका छन् । रामायणकालीन इतिहास बोकेको मानिने गेरुका धाम मिथिला क्षेत्रको प्राचीन धार्मिक परम्परासँग गाँसिएको स्थल हो ।

**नीरञ्जनकुमार साह**/धनुषा

मधेस प्रदेशको धार्मिक तथा सांस्कृतिक जीवनमा विशेष महत्त्व राख्ने गेरुका धाम अहिले फेरि श्रद्धा, भक्ति र आस्थाले भरिन थालेको छ । प्रत्येक तीन वर्षमा एकपटक पर्ने मलमास अर्थात् पुरुषोत्तम् माससँगै लाग्ने एकमहिने गेरुका स्नान मेला आइतबारदेखि सुरु भएसँगै महोत्तरीको लोहारपट्टी नगरपालिका-४ स्थित खुट्टा पिपरारी क्षेत्र भक्तजनको आगमनले गुञ्जायमान बनेको छ ।

धनुषा र महोत्तरी जिल्लाको सीमामा अवस्थित यस ऐतिहासिक तथा धार्मिकस्थलमा बिहानैदेखि हजारौं श्रद्धालु भक्तजन पवित्र स्नान, पूजा-आराधना र दर्शनका लागि पुग्न थालेका छन् । रामायणकालीन इतिहास बोकेको मानिने गेरुका धाम मिथिला क्षेत्रको प्राचीन धार्मिक परम्परासँग गाँसिएको स्थल हो । धार्मिक ग्रन्थ तथा स्थानीय जनविश्वासअनुसार माता सीतालेसमेत यहाँ स्नान गर्ने गरेको उल्लेख पाइन्छ । यही कारण गेरुका नदीलाई मिथिलावासीले अत्यन्त पवित्र नदीका रूपमा मान्दै आएका छन् । विशेषगरी पुरुषोत्तम मासमा यस नदीमा स्नान गरे जानी-नजानी गरिएका पापबाट मुक्ति मिल्ने, मनोकामना पूरा हुने तथा अक्षय पुण्य प्राप्त हुने विश्वास रहिआएको छ ।

मेलाको शुभारम्भका अवसरमा आइतबार बिहान जनकपुरधामस्थित जानकी मन्दिरको अगुवाइमा भगवान् राम र माता सीताको स्वरूपलाई गेरुका नदीमा लगेर विशेष पूजा गरिएको थियो । वैदिक मन्त्र, शंखध्वनि र भजनकीर्तनबीच गरिएको धार्मिक अनुष्ठानले सम्पूर्ण क्षेत्र भक्तिमय बनेको थियो । श्रद्धालु भक्तजनले नदीमा स्नान गरी भगवान् पुरुषोत्तमको पूजा-आराधना गरेका थिए ।

स्थानीयवासी तपेश्वर यादवका अनुसार गेरुका धाममा मेला लाग्ने परम्परा सयौं वर्ष पुरानो हो । कन्तावाँ नदी र उत्तरवाहिनी नदीको संगमस्थलमा रहेको यस धाममा प्राचीनकालदेखि नै गेरुका महाकुम्भ मेला लाग्दै आएको जनविश्वास छ । मिथिला क्षेत्रका विभिन्न धार्मिक ग्रन्थ, लोककथा र जनश्रुतिमासमेत गेरुका धामको चर्चा पाइन्छ ।

मधेस प्रदेशका आठवटै जिल्लासहित छिमेकी भारतीय राज्य बिहारबाटसमेत प्रत्येक दिन हजारौं भक्तजन यहाँ पुग्ने गरेका छन् । मेला अवधिभर लाखौं भक्तजनले स्नान गर्ने अनुमान गरिएको छ । विशेषगरी आइतबार र मंगलबारलाई शुभ दिन मानिने भएकाले ती दिन अत्यधिक भीड लाग्ने गरेको स्थानीयवासी राघनी यादवले बताए । स्थानीय पिपरारी निवासी ७० वर्षीय भिखारी मण्डलका अनुसार गेरुका स्नानप्रतिको जनआस्था अत्यन्त गहिरो छ । 'यस स्थानको महत्त्व यति धेरै छ कि कुनै ठूलो प्रचारप्रसार नगर्दासमेत लाखौं श्रद्धालु यहाँ आउने गर्छ,' उनले भने, 'मानिसहरू पुस्तौंदेखि परम्परागतरूपमा यहाँ आइरहेको छ । गेरुका स्नान गरे पुण्य प्राप्त हुन्छ भन्ने विश्वासले मानिसलाई तानेर ल्याउँछ ।'

अर्का एक वृद्धले भने, 'सरकारले व्यवस्थित ढंगले प्रचारप्रसार, संरक्षण र पूर्वाधार विकास गर्न सके गेरुका धामलाई अन्तर्राष्ट्रिय धार्मिक पर्यटकीय केन्द्रका रूपमा विकास गर्न सकिन्छ । 'भारतको कुम्भमेलाजस्तै ठूलो धार्मिक गन्तव्य बन्ने सम्भावना रहेकाले राज्यले दीर्घकालीन योजना बनाएर काम गर्नुपर्छ ।'

वास्तवमा गेरुका धाम धार्मिक आस्थाको केन्द्रमात्र नभई मिथिला सभ्यता र सांस्कृतिक पहिचानको जीवित प्रतीक पनि हो । मिथिलाञ्चलको सांस्कृतिक जीवन नदी, पोखरी, मठमन्दिर र धार्मिक मेलासँग गहिरोसँग जोडिएको छ । गेरुका मेला पनि त्यही सांस्कृतिक निरन्तरताको महत्त्वपूर्ण हिस्सा हो । मेलाका बेला यहाँ केवल स्नान र पूजामात्र हुँदैन, मिथिला संस्कृति, लोकपरम्परा र सामुदायिक जीवन पनि जीवन्त बन्छ । गाउँघरबाट परिवारसहित आएका श्रद्धालु नदी किनारमा भजनकीर्तन गर्ने, साधुसन्तहरूको प्रवचन सुन्ने तथा सामूहिक पूजा गर्ने दृश्यले सम्पूर्ण क्षेत्रलाई धार्मिक उत्सवमा परिणत गरिदिन्छ ।

धार्मिक मेलाले स्थानीय अर्थतन्त्रलाई समेत ठूलो टेवा पुर्‍याउने गरेको वडाध्यक्ष श्यामप्रसाद यादव बताउँछन् । मेला अवधिभर अस्थायी बजार सञ्चालन हुने, पूजासामग्री, कपडा, भाँडाकुँडा, मिठाइ तथा स्थानीय परिकारको व्यापार बढ्ने गरेको व्यापारीहरू बताउँछन् । स्थानीय होटल, यातायात व्यवसायी र साना व्यापारीलाई पनि मेलाले राम्रो आम्दानी दिने गरेको छ ।

महोत्तरी र धनुषा जिल्लाका ग्रामीण क्षेत्रका धेरै परिवारका लागि गेरुका मेला अतिरिक्त आम्दानीको अवसरसमेत बन्ने गरेको छ । स्थानीय महिलाहरूले घरमै बनाएका सामग्री बिक्री गर्ने गरेका छन् भने युवाहरू अस्थायी व्यवसाय सञ्चालन गरेर आम्दानी गर्ने गरेका छन् । यति ठूलो धार्मिक महत्त्व बोकेको गेरुका धाम अझै पनि आवश्यक पूर्वाधार विकासबाट वञ्चित रहेको स्थानीयवासीको गुनासो छ । मेलाका बेला लाखौं श्रद्धालु आउने गरे पनि व्यवस्थित सडक, पार्किङ, खानेपानी, शौचालय, विश्रामस्थल तथा स्वास्थ्य सेवा पर्याप्त छैन । श्रद्धालु भक्तजनको सुरक्षाका लागि स्थानीय प्रशासनले अस्थायी प्रहरी सहायता कक्ष, स्वास्थ्य शिविर तथा स्वयंसेवक परिचालन गरेको जनाएको छ ।

लोहरपट्टी नगरपालिकाका प्रमुख शैलेन्द्रकुमार यादवका अनुसार गेरुका धामको दीर्घकालीन विकासका लागि योजना तयार पार्ने विषयमा छलफल भइरहेको छ । धार्मिक पर्यटन प्रवर्द्धनमार्फत मधेस प्रदेशको आर्थिक तथा सांस्कृतिक विकासमा योगदान पुर्‍याउने उद्देश्यले गेरुका क्षेत्रलाई व्यवस्थित बनाउन आवश्यक रहेको उनले बताए ।

धार्मिक पर्यटनका दृष्टिले हेर्ने हो भने गेरुका धाम अत्यन्त सम्भावनायुक्त क्षेत्र मानिन्छ । जनकपुरधामस्थित जानकी मन्दिर, धनुषाधाम, जलेश्वरनाथ महादेव, कङ्कालिनी मन्दिरलगायत मधेसका प्रमुख धार्मिक स्थलसँग यसलाई जोडेर धार्मिक पर्यटन परिपथ निर्माण गर्न सकिने नीति तथा योजना आयोगका पूर्वउपाध्यक्ष डा. सोहन साहको सुझाव छ ।

मिथिला संस्कृतिका अध्येताहरूका अनुसार गेरुका धाम केवल धार्मिक स्थल मात्र होइन, मिथिलाको ऐतिहासिक स्मृति र सांस्कृतिक निरन्तरताको प्रतीक हो । यहाँ लाग्ने मेला सामूहिक आस्था, सामाजिक एकता र सांस्कृतिक पहिचानको अभिव्यक्ति पनि हो । धर्म, संस्कृति र परम्पराले समाजलाई जोड्ने काम गर्छ । गेरुका मेला पनि त्यही सामाजिक एकताको सशक्त माध्यम बनेको छ । विभिन्न जिल्ला तथा समुदायका मानिसहरू एउटै आस्था बोकेर यहाँ भेला हुने गरेका विज्ञहरूको तर्क छ । यसले सामाजिक सद्भाव र सांस्कृतिक सहअस्तित्वलाई बलियो बनाउने काम गरेको स्थानीय बुद्धिजीवीहरू बताउँछन् ।

मिथिलामा पुरुषोत्तम मासलाई विशेष धार्मिक महत्त्वका साथ मनाउने परम्परा छ । हिन्दू धर्मग्रन्थअनुसार अतिरिक्त महिना अर्थात् मलमासलाई भगवान् विष्णुको पुरुषोत्तम स्वरूपसँग जोडेर हेर्ने गरिन्छ । यस अवधिमा स्नान, दान, पूजा र धार्मिक अनुष्ठान गरे विशेष पुण्य प्राप्त हुने विश्वास छ । यही कारण पुरुषोत्तम् मास सुरु भएसँगै मिथिला क्षेत्रमा धार्मिक गतिविधि बढ्ने गरेका जानकार डा. भोगेन्द्र झाको भनाइ छ ।

गेरुका धाममा स्नान गर्न आउने धेरै श्रद्धालु भक्तजन आफूले मनोकामना पूरा भएको अनुभव सुनाउने गर्छ । कतिपय भक्तजन हरेक पुरुषोत्तम मासमा यहाँ आउने परम्परा निभाउँदै आएका छन् । वृद्धवृद्धादेखि युवायुवती र बालबालिकासम्मको सहभागिताले मेलालाई अझ जीवन्त बनाएको छ । गेरुका नदीको प्राकृतिक सौन्दर्य पनि आकर्षणको केन्द्र बनेको छ । हरियाली वातावरण, नदीको शान्त बहाव र धार्मिक वातावरणले यहाँ आउनेलाई आध्यात्मिक अनुभूति दिलाउने गरेको श्रद्धालुहरूको भनाइ छ ।

स्थानीयवासीहरूका अनुसार गेरुका धामको महत्त्व बढ्दै गए पनि यसको ऐतिहासिक तथा पुरातात्त्विक अध्ययन भने पर्याप्त हुन सकेको छैन । प्राचीन मिथिला सभ्यतासँग यसको सम्बन्धबारे विस्तृत अनुसन्धान आवश्यक रहेको उनीहरूको भनाइ छ । विशेषज्ञहरूका अनुसार धार्मिक आस्थासँग जोडिएका यस्ता स्थलको संरक्षण केवल धार्मिक दृष्टिलेमात्र होइन, सांस्कृतिक सम्पदाको संरक्षणका हिसाबले पनि महत्त्वपूर्ण हुन्छ । उचित संरक्षण र प्रवर्द्धन गर्न सके गेरुका धाम मधेस प्रदेशकै पहिचानका रूपमा स्थापित हुन सक्ने सम्भावना देखिन्छ ।

आधुनिकता र प्रविधिको विस्तारसँगै मानिसको जीवनशैली परिवर्तन हुँदै गए पनि परम्परागत धार्मिक विश्वास र सांस्कृतिक सम्बन्ध भने अझै मजबुत रहेको यहाँको दृश्यले देखाउँछ । एक महिनासम्म सञ्चालन हुने गेरुका स्नान मेलाले धार्मिक वातावरणलाई मात्र होइन, सम्पूर्ण क्षेत्रको सामाजिक तथा आर्थिक गतिविधिलाई पनि चलायमान बनाउने अपेक्षा गरिएको छ । धार्मिक आस्था, मिथिला सभ्यता, सांस्कृतिक विरासत र जनविश्वासको अनुपम संगमका रूपमा रहेको गेरुका धाम अहिले फेरि लाखौं श्रद्धालु भक्तजनको केन्द्र बनेको छ । *रासस*

# प्रकृति, संस्कृति र साहसिक पर्यटनको पर्याय मुदी गाउँ

**वासुदेव पौडेल र सन्तोष गौतम**/म्याग्दी



विश्वकै सातौं अग्लो उचाइको धवलागिरि हिमाल आरोहणमा जाने गाउँहरूमध्येको ठूलो तथा आकर्षक गाउँ पनि हो मुदी । हिमशृंखला, पहाडी भूगोल, ग्रामीण जीवनशैलीको अनुपम गन्तव्य यो प्रकृति र संस्कृतिसँगै साहसिक पर्यटकका लागि रोजाइमा पर्ने भए पनि प्रवर्द्धनको अभावमा अझै पनि ओझेलमा नै परेको वडाध्यक्ष यामबहादुर घर्ती बताउँछन् ।

आँखै अगाडि चाँदीजस्तै टलक्क टल्केका गुर्जा र धवलागिरि हिमाल । भिरालो पाखामा छपक्क छापिएका परम्परागत शैलीका ढुंगे घरहरू । गाउँले परिवेश, आत्मीयपन भएका स्थानीयवासी । यस्तैयस्तै विशेषताले भरिएको छ म्याग्दीको धवलागिरि गाउँपालिका-४ स्थित मुदीगाउँ । मगर समुदायको बाहुल्यता रहेको गाउँ वरपर रहेका हिउँदमा बेँसी र बर्खामा लेक जाने पशुका घुम्ती गोठहरू । चिटिक्क ढुंगाले छापिएका चोक र बाटाहरू । घरघरमा कर्नासेमा भुण्डयाइएका मकैको झुत्ताले वास्तविक गाउँले जीवन र परिवेशको अनुभूति गराएका छन् ।

विश्वकै सातौं अग्लो उचाइको धवलागिरि हिमाल आरोहणमा जाने गाउँहरूमध्येको ठूलो तथा आकर्षक गाउँ पनि हो मुदी । हिमशृंखला, पहाडी भूगोल, ग्रामीण जीवनशैलीको अनुपम गन्तव्य यो प्रकृति र संस्कृतिसँगै साहसिक पर्यटकका लागि रोजाइमा पर्ने भए पनि प्रवर्द्धनको अभावमा अझै पनि ओझेलमा नै परेको वडाध्यक्ष यामबहादुर घर्ती बताउँछन् ।

समुद्री सतहबाट आठ हजार १६७ मिटर उचाइमा रहेको धवलागिरि हिमालसँग समेटिएको यो गाउँ प्रचारप्रसारको कमीका कारण ओझेलमा परिहेको वास्तविकतामा यहाँको पर्यटन पूर्वाधार निर्माण र विस्तारसँगै प्रवर्द्धनमा आफूहरू सक्रियताका साथ लागिरहेको उनले बताए । पछिल्ला समयमा मुदीको पर्यटन प्रवर्द्धनसँगै यहाँको पर्यटकीय पूर्वाधार विकासका कामलाई प्राथमिकताका साथ अघि बढाइएको छ ।

मुदी गाउँभित्रका गल्लीहरूमा सरसफाइ, ढल व्यवस्थापन र ढुंगा बिछ्याएर चिटिक्क सजाइएको छ भने गाउँ र हिमाल अवलोकनका लागि वडा कार्यालयपरिसरको डाँडामा दृश्यावलोकन (भ्युप्वइन्ट) स्थल बनाइएको छ । भ्युप्वाइन्ट वरपरको पदमार्गमा रेलिङ राखिएको छ । करिब ३० मिनेट पैदलयात्रा गरेपछि पुगिने थलडाँडाबाट हिमालका साथै आसपासका छिमेकी बस्तीहरू, नागबेली परेर बगेको म्याग्दी, गुर्जा र दरखोला र पहाडी भूगोलको मनमोहक दृश्य एकसाथ अवलोकन गर्न सकिन्छ ।

समुद्री सतहदेखि दुई हजार ५०० मिटरमा अवस्थित यहाँका अधिकांश घर परम्परागत ढुंगे शैलीमा बनाइएका छन् । मुदीका करिब २५० मध्ये २० घरपरिवार दलित र तीन परिवार गुरुङका छन् । मगर समुदायको सांस्कृतिक पहिचान पुर्ख्यौली, मादले, मारुनी नाच, यानीमाया, सालैजो गीतले पाहुनालाई स्वागत गर्ने यहाँको मौलिक परम्परा हो । धवलागिरि हिमालको आरोहण भएको ६६औं वर्ष पुग्दा पनि यसको काखमा रहेको मुदी पर्यटकीयरूपमा अपेक्षित उपयोग हुन नसकेको स्थानीयको दुःखेसो छ ।

सन् १९६० मे १३ मा अस्ट्रियाका कुर्ट डिम्बर्गरले पहिलोपटक यस हिमालको सफल आरोहण गरेका थिए । त्यस क्रममा उनीसहित पिटर डियनर, एन्स्ट फोरर, एल्बिन सेल्वर्ट, निमा दोर्जे र नवाङ दोर्जे पहिलोपटक धवलागिरिको चुचुरोमा पुगेका थिए । पर्यटन विभागका अनुसार ६६ वर्षको यस अवधिमा यो हिमाल ७३३ जनाले आरोहण गरिसकेका छन् ।

भौगोलिक अवस्थितिलगायतका कारण यो हिमालको आरोहणलाई कठिन मानिने नेपाल पर्वतारोहण संघ गण्डकी प्रदेशका निवर्तमान अध्यक्ष शेषकान्त शर्मा बताउँछन् । क्षणक्षणमा बदलिरहने मौसमसँगै भौगोलिक अवस्थिति नै आरोहण कठिन हुनुको प्रमुख कारण रहेको उनको भनाइ छ । धवलागिरि आरोहण भएको दिन मे १३ मा प्रत्येक वर्ष धवलागिरि आरोहण दिवस मनाउँदै आइए पनि हिमालको काखमा रहेको मुदीगाउँमा भने गत मे १३ मा पहिलोपटक संस्थागत रूपमा धवलागिरि आरोहण दिवस मनाइएको छ ।

हिमालको फेदीमा रहेको मुदीगाउँमा गण्डकी प्रदेशको पर्यटन मन्त्रालय, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशको सहयोग तथा धवलागिरि गाउँपालिकाको समन्वय एवं ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) गण्डकीको आयोजनामा ६६औं आरोहण दिवस मनाइएको हो । उक्त क्रममा छोटिएको पदमार्ग, जलवायु परिवर्तनले पर्यटन क्षेत्रमा पारेको असर र विकल्पको खोजीमा सरोकारवालाहरूबीच बहस एवं छलफलसमेत गरिएको टान गण्डकीका अध्यक्ष कृष्ण आचार्यले जानकारी दिए ।

क्रमशः पृष्ठ ५ मा

# बढघर हुनु त यस्तो पो...

**पकरियापुर (कैलाली)**– मध्याह्नको उखरमाउलो गर्मी । तातो हावा चलिरहेको छ । भजनी नगरपालिका–३ पकरियापुरका मानबहादुर चौधरीको अनुहार पटक्कै तातेको देखिँदैन ।

सार्वजनिक सुरक्षित आश्रयस्थलको खुला चौरमा भेटिएका ४० वर्षीय चौधरी दोस्रो कार्यकालको बढघर(भलमन्सा)को नेतृत्व गरिरहेका रहेछन् । उनका अनुसार बढघरअन्तर्गत ६२६ घरधुरी छन् । आश्रयस्थलमा राजनीतिक कार्यक्रम जारी रहँदा उनलाई सुन्न जान मन लागेन छ । किन जानुभएन ? उनले भने, 'के पाउनु छ र ? भाषण सुन्न गएर । ताली बजाएर ? विपद् पर्दा भाषण गर्ने जोगाउन आउँदैनन् । आफैंले आफ्नाका सुरक्षा गर्नुपर्दछ ।'



उनी सोही समयमा नेपाल रेडक्रस सोसाइटी र भजनी नगरपालिकाको संयुक्त सहकार्यमा सञ्चालन भइरहेको विपद्का समयमा नसर्ने रोगसम्बन्धी अत्यावश्यक हेरचाह 'प्याकेज'को परीक्षण र कार्यान्वयन तयारीका लागि सञ्चालन भइरहेको कृत्रिम घटना अभ्यासमा जुटिरहेका थिए । विपद्का अवस्थामा तत्काल अस्थायी आवास (सेल्टर) कसरी निर्माण गर्ने र समुदायसहित नसर्ने रोग लागेका व्यक्तिहरूलाई कसरी सुरक्षित राख्न सकिन्छ भनेर पूर्वाभ्यास गरिहेका थिए । बाँसका टेका लगाएर नेपाल रेडक्रस चिह्न अंकित तारपोलियन मिलाउँदै उनले भने, 'बाढी र डुबान नआउने समयमा यस्ता अभ्यास गर्दा भोलिका दिनमा सजिलो हुने रहेछ ।' उनका अनुसार मुख्य गरेर यहाँका कन्द्रा, मोहना, काँढा, पथरैयासहित कर्णालीले डुबान र कटानको कहर नल्याएको वर्ष हुँदैन ।

बडघरका मानबहादुरकी श्रीमती ब्रेफानी चौधरी पनि समुदायमा विपद्को पूर्वसूचना 'माइकिङ' गर्न व्यस्त हुँदा भेटिएकी थिइन् । विपद्का सूचना र जानकारी कसरी समुदायमा पुऱ्याउने भनेर उनलाई भ्याइनभ्याइ थियो । सूचना सम्प्रेषणका विधि र तरिका बारेमा उनले नेपाल रेडक्रस सोसाइटीद्वारा प्रदान गरेको तालिममा सिकेकी थिइन् । जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाद्वारा जारी मौसम पूर्वानुमान सूचना बढघरसम्म आइपुग्नासाथ उनी 'माइक' बाकेर घरबाट निस्किएकी थिइन् ।

उनले अफ्नो मातृभाषामा स्थानीयवासीलाई नदीमा पानीको उच्च बहाव बढ्दै छ, डुबान हुने सम्भावना छ सबै जना उच्च सतर्क रहनुहोला र अति संकटासन्न व्यक्तिहरूले विशेष सतर्कता अपनाउनुहोला भन्दै सूचना प्रसार गराएकी थिइन् । उनको पूर्वसूचना सन्देशमा नयाँ जानकारी थपिएको थियो । ब्रेफानीले दोहोऱ्याएर सम्प्रेषण गर्दै थिइन्, 'बाढीका समयमा नसर्ने रोग लागेका व्यक्ति तथा हेरचाह गर्ने व्यक्तिहरूले ध्यान दिनुहोला । यस्ता बिरामीले नियमित सेवन गर्ने औषधिको सुनिश्चितता गर्नुहोला । जोहो गर्नुहोला ।' 'माइकिङ' गरेर नसुन्ने स्थानमा नगरपालिकाले बहुउपयोगी 'साइरन'मार्फतसमेत सूचना सम्प्रेषण गर्ने गरेको छ ।

'माइकिङ' सुनेर महिला स्वयंसेविका किरणा जैसी झटपट झोला बोकेर घरबाट निस्केकी थिइन् । झोलामा नसर्ने रोग (रक्तचाप, मधुमेह, क्यान्सर, मुटु तथा रक्तनली तथा श्वासप्रश्वास)सहित झाडापखाला, ज्वरोका औषधिसहित केही प्राथमिक उपचार सामग्री पनि रहेका थिए । उनले भनिन्, 'विपदका अवस्थामा नसर्ने रोगको व्यक्तिको सेवा निरन्तरताका लागि चुनौती छ र यो कृत्रिम घटना अभ्यासले समुदाय तथा नसर्ने रोग लागेका व्यक्तिहरूको विपद् पूर्वतयारी तथा विपद्को पूर्वानुमानपश्चात् गरिने पूर्वकार्यको ज्ञान तथा सीपसमेत वृद्धि गर्ने छ । यसमा समुदायलाई अभ्यस्त बनाउन जरुरी छ ।'

यहाँ बडघरले समुदायलाई एकताबद्ध, संगठित, अनुशासित र विकासका काममा परिचालन गर्ने काम गरिरहेको छ । बडघर थारू समुदायको मौलिक प्रथा पनि हो । बडघरले थारूको मौलिक सञ्चार प्रणालीअनुसार सूचना प्रवाह गर्ने गर्छन् । बडघरको जिम्मेवारीमा रहेका व्यक्तिले स्वयं प्रत्येक गाउँको घरधुरीमा पुगेर सूचना दिने काम गर्ने परम्परा रही आएको छ । सूचना प्रवाह गर्दा गाउँका सबै घरमा पुगेर लिखित वा मौखिक सूचना दिने काम गर्ने गर्छन् । बडघर मानबहादुरले भने, 'बडघर आफैं खट्नु बढी विश्वसनीय हुने भएकाले समय भएसम्म म आफैं खट्ने गर्दछु ।'

### बाढी र डुबानसहित नसर्ने रोगको उच्च जोखिम

भजनी नगरपालिकाका प्रमुख केबल चौधरीका अनुसार नगरपालिकाका नौवटै वडा बाढी र डुबानका उच्च जोखिममा पर्दछ । विगत तीन वर्षदेखि यहाँ बाढी र डुबानका कारण मानवीय क्षति नभए पनि डुबान, कटानसहित कृषिबाली क्षति हुनेक्रम रोकिएको छैन ।

उनले भने, 'पछिल्ला वर्ष नसर्ने रोगको वृद्धिले नगरवासीहरू बाढीको समयमा अझ प्रभावित बन्न थालेका छन् । यहाँको नसर्ने रोगको 'ग्राफ' निरन्तर उकालोमा छ ।' उनका अनुसार पालिकाभित्र बाढी र डुबानको उच्च जोखिमबाट समुदायलाई जोगाउन १०० भन्दा बढी उच्च घर बनाउन सहयोग तथा विस्थापित राख्न १८ उच्च घर बनाइएका छन् ।

गत माघ र फागुनमा नगरपालिकाले नगर क्षेत्रमा नसर्ने रोगसम्बन्धी 'स्क्रिनिङ' अभियान नै सञ्चालन गरेको थियो । नगरपालिका स्वास्थ्य शाखा प्रमुख कैलाशबहादुर डगौरा थारुका अनुसार प्राथमिक स्वास्थ्य केन्द्र भजनी, आधारभूत स्वास्थ्य केन्द्र पल्तुपुर, मन्त्रिफाँटा, धरौना, गोडचौरासहित लालाबोझी स्वास्थ्यचौकी, थापापुर स्वास्थ्यचौकी, सहरी स्वास्थ्य केन्द्र चर्रा र खैलाड स्वास्थ्यचौकीमा ३० वर्षमाथिका एक हजार १८० को परीक्षण गर्दा रक्तचाप २५५, मधुमेह ९५, मिर्गौला १६, मोटोपना २४४ जना भेटिएका थिए । उनले भने, 'समुदायमा नसर्ने रोगको व्यक्तिको खोजपड्ताल गर्नेक्रम जारी छ । पहिचानका लागि यस्ता व्यक्तिलाई 'कार्ड' वितरण भइराखेको छ । यसबाट विपद्का समयमा नसर्ने रोग लागेका व्यक्तिहरूको उपचार सेवा निरन्तरताका लागि सहयोग पुग्ने छ ।'

भजनी नगरपालिकामा नोभो निर्डिस्क फाउन्डेसनको आर्थिक सहयोग तथा डेनिस रेडक्रस, क्यानडियन रेडक्रस तथा आरहुस विश्वविद्यालयको सहकार्यमा 'रेजिलिएयन्स नसर्ने रोग उपचार' परियोजना अप्रिल २०२४ देखि मे २०२६ सम्म सञ्चालनमा रहेको छ । सोही परियोजनाले भजनीमा विपद्का समयमा नसर्ने रोग लागेका व्यक्तिहरूको उपचार सेवा निरन्तरताका लागि विपद्को समयमा नसर्ने रोगसम्बन्धी अत्यावश्यक हेरचाह प्याकेजका 'पेन डी प्याकेज' मार्फत निरन्तर पैरवी, सहजीकरणका गतिविधिमा सहयोग गरिराखेको नेपाल रेडक्रस सोसाइटी, स्वास्थ्य सेवा विभागका स्वास्थ्य कार्यक्रम संयोजक अनिल महर्जनले जानकारी दिए ।

'रेजिलिएयन्स नसर्ने रोग उपचार' परियोजनाका संयोजक प्रमोद अधिकारीले भने, 'विपद्का अवस्थामा नसर्ने रोग लागेका व्यक्तिहरूको उपचार सेवा निरन्तरतालाई सुनिश्चित गर्दै स्वास्थ्य क्षेत्र र विपद् जोखिम व्यवस्थापन प्रणालीबीचको अन्तरलाई कम गर्नु 'रिजिलियन्स एनसिडी' परियोजनाको मुख्य उद्देश्य रहेको छ । विपद्मा नसर्ने रोगका बिरामीलाई प्राथमिकता दिन सकेमा आकस्मिक जटिलता र मृत्युको जोखिम कम हुन्छ साथै बिरामीको मानसिक तनावसमेत कम हुन्छ । मधुमेह, उच्च रक्तचाप, मुटुरोगजस्ता रोगबाट गम्भीर अवस्था सिर्जना हुनबाट रोकेर मानिसलाई बचाउन सकिन्छ । पेन डी प्याकेजलाई समावेश गरी नीतिगतरूपमा काम गरेमा विपद्को समयमा नसर्ने रोग भएका व्यक्तिहरूले थप जटिलता भोग्नुपर्ने थिएन ।'

भजनी विपद् र नसर्ने रोगको दोहोरो मारमा रहेको छ । नेपाल रेडक्रस सोसाइटी र स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको संयुक्त सहकार्यमा निर्माण भएको विपद्को समयमा नसर्ने रोगसम्बन्धी अत्यावाश्यक हेरचाह प्याकेजका 'पेन डी प्याकेज'को अन्तिम मस्यौदा तयार भइसकेको र भजनी नगरपालिका आगामी वर्षदेखि उक्त प्याकेजलाई पालिकाको नीति तथा कार्यक्रममा समावेश गरेर कार्यान्वयन गर्ने तयारीमा रहेको छ । नगरपालिकाका प्रमुख चौधरीले भने, 'विपद्को समयमा नसर्ने रोग लागेका व्यक्तिहरूको उपचार सेवा निरन्तरताका लागि यो प्याकेजले सहजीकरण गर्ने भएकाले भविष्यमा भजनी नगरपालिकामा नसर्ने रोगबाट प्रभावित रहेका व्यक्तिहरू विपद्का समयमा उपचारबाट वञ्चित हुनु पर्दैन ।'

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, सामुदायिक स्वास्थ्य विशेषज्ञ डा. सविन पराजुली विपद्को समयमा नसर्ने रोग लागेका व्यक्तिहरूको उपचार सेवा निरन्तरताका लागि 'पेन डी प्याकेज' सहयोग पुऱ्याउने जानकारी दिँदै भजनी र लालझाडीको सिकाइ अन्य पालिकामा कार्यान्वयन गर्न आवश्यक रहेको बताए । *रासस*

पृष्ठ ४ बाट क्रमशः

## प्रकृति, संस्कृति...

मुदीगाउँ जति सुन्दर छ यहाँ पाइने विभिन्न वनस्पति, चराचुरुंगीले पनि यहाँको महिमा र गरिमा अझै बढाएका छन् । नेपाल पन्छीविद् संघले गरेको अध्ययनका क्रममा मुदी र दरमा चिरकालिजको बासस्थान रहेको भेटिएको हो । अध्ययनमा सहभागी विराट रजकका अनुसार एक वर्षअघि भएको अध्ययनका क्रममा मुदीमा तीन र दरमा सात जोडी चिरकालिज भेटिएका थिए । यहाँको लेकमा विभिन्न प्रजातिका बहुमूल्य जडीबुटीसमेत पाइन्छ । विशेषतः वैशाख-जेठमा यहाँका लेकहरूको यार्सागुम्बा टिप्ने गरिन्छ भने असोज-कात्तिकमा च्याउ टिप्ने चलन छ । फिरन्ते शैलीमा घुम्ती गोठमा गाई, भैंसीपालन गर्ने गोठालाहरूको दिनचर्या र जीवनशैली एकसाथ अध्ययन अवलोकन गर्न पाउनु यहाँको अर्को विशिष्टता हो ।

धवलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुन मुदी, मुना क्षेत्रमा रेडपाण्डा, चिरकालिजजस्ता दुर्लभ वन्यजन्तु र पन्छीहरू पाइने भएकाले पर्यापर्यटनको हिसाबले पनि सम्भावना देखिएको बताउँछन् । मुदीको पर्यटन विकासका लागि पूर्वाधार निर्माणसँगै यहाँको प्रवर्द्धनमा जोड दिइएको उनले बताए । धवलागिरि सर्किटसँगै गुर्जाबाट डोल्पा निस्कने मार्ग, ढोरपाटन शिकार आरक्ष जोड्ने रूटको पनि विकास प्रवर्द्धन गर्नुपर्ने उनको भनाइ छ । मुदीदेखि चक्रीय धवलागिरि र गुर्जा हिमाल पदयात्रामा जान सकिनुले यो पदयात्रा पर्यटनका लागि पनि महत्त्वपूर्ण गन्तव्यका रूपमा रहेको छ । करिब दशकअघिसम्म चक्रीय धवलागिरि पदमार्गमा पदयात्राका लागि आउने पर्यटकका कारण मुदीमा पर्यटकले क्याम्प राख्ने ठाउँ पाउन पनि मुस्किल हुन्थ्यो ।

विशेषतः शरद र वसन्त याममा धवलागिरि हिमाल आरोहणका साथै यसको फेदी हुँदै मुस्ताङको मार्फा निस्कने चक्रिय धवलागिरि पदमार्गका आउने पर्यटकका कारण भरिभराउ हुने मुदीगाउँ पछिल्ला वर्षमा भने सुनसान हुँदै गएको छ । विगतमा पर्यटक, पथप्रदर्शक र मजदुरहरूको लहर देखेर मुदीमा धवलागिरि सामुदायिक घरबास स्थापना गरेका व्यवसायी गणेश घर्तीले अहिले उक्त व्यवसाय बन्द गरेर बाखापालन सुरु गर्नुपरेको दुःखेसो गरे ।

विगतमा यहाँका दुईवटा क्याम्पमा क्षमताभन्दा बढी पर्यटक आएको देखेर उनीहरूको सुविधाका लागि होमस्टे खोलेको बताउँदै उनले पछिल्लो समयमा पर्यटकहरू सीधै हेलिकप्टर चढेर आधार शिविर पुग्न थालेपछि उक्त व्यवसाय नै बन्द गरेर बाखा पाल्न थालेको बताए । हेलिकप्टरबाट सीधै धवलागिरि जाने क्रमले यहाँ रहेका करिब ५० जना क्षमताका पाँचवटा घरबास सञ्चालककोमात्र नभएर पदयात्राको याममा पर्यटकको भारी बोकेर जीविकोपार्जन गरिरहेकाहरूको रोजगारीसमेत खोसिएको उनको भनाइ छ ।

पर्यटक र पर्वतारोहीहरू हेलिकप्टर चढेर सीधै आधार शिविर पुग्नुका साथै जलविद्युत् आयोजनाहरूले निर्माण गरेको पहुँच मार्गले पदमार्ग मासिएको र नौ दिनको यात्रा दुई दिनमा छोट्टिँदा मुदी, नाउरा, बगरहरू सुनसान बन्ने गरेको स्थानीयको गुनासो छ । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय पोखराका प्रमुख मणिराज लामिछाने धवलागिरिको महत्त्वलाई राष्ट्रिय तथा अन्तर र्राष्ट्रियरूपमा स्थापित गराउनुपर्ने बताउँछन् । यसको प्रवर्द्धनसँगै पर्यटकीय उपयोग बढाउन सकेमा मुदीगाउँजस्ता सम्भावनायुक्त ठाउँ तथा गाउँहरूको पर्यटकीय उपयोग हुने उनले बताए । मुदीमा पाहुना र पर्यटकलाई लक्षित गरेर होमस्टे (घरबास) सञ्चालन गरिएको घरबासका सञ्चालक गौबहादुर राम्जालीले बताए । उनका अनुसार सडक यातायातको पहुँच, गाउँको फेदी भएर बग्ने गुर्जा र म्याग्दी नदीमा जलविद्युत् आयोजनाहरू निर्माण हुन थालेपछि घरबासमा पाहुना आउन थालेका छन् ।

पाहुनाहरूलाई घरायसी वातावरणमा खाने बस्ने व्यवस्था मिलाउनका लागि आठ-दश वर्षअघि बनाएर प्रयोगमा नआएको घरमा आधारभूत पूर्वाधार बनाएर घरवास चलाइएको उनले जानकारी दिए । आएका पर्यटकलाई स्थानीयवासीले स्थानीय कुखुरा, खसीबोकाको मासु, च्याउ, टुसाको तरकारी, सिमीको दाल, कोदो, फापरको ढिँडो, सिस्नो आदिको स्वाद चखाउने गरेको उनले जानकारी दिए । घरबासमा एक दिनमा २० देखि ३० जनासम्म सहजै बस्न सक्ने जानकारी दिँदै उनले पर्यटकको आगमन बढेको उक्त पूर्वाधारहरू थप विस्तार गर्न सकिने बताए ।

गण्डकी प्रदेशसभा सदस्य रेशम जुग्जाली धवलागिरि हिमालबाट कसरी फाइदा लिन सकिन्छ भन्नेतर्फ स्थानीयवासीले नै विशेष चासो दिनुपर्ने बताउँछन् । वैकल्पिक पदमार्गको विकास र आन्तरिक पर्यटक केन्द्रित कार्यक्रम आवश्यकता रहेको उनको भनाइ छ । यहाँको दोभानदेखि सल्लाधारी हुँदै इटाली आधार शिविरसम्म सडक विस्तारको सम्भावना नभएको र त्यहाँ पर्यटकलाई आवासको समस्या रहेकाले त्यो क्षेत्रमा व्यवसाय विस्तार गर्न उनले स्थानीयवासीलाई सुझाए ।

म्याग्दीको जिल्ला सदरमुकाम बेनीदेखि सिंगा तातोपानी, बाबियाचौर, दरबाङ, धारापानी, ताकम, मुनागाउँहुँदै गाडीमा तीन घण्टा समयावधिमा मुदी गाउँ पुग्न सकिन्छ । मोटरसाइकलकोसमेत प्रयोग गरी आउन सकिने यो गाउँ बेनीदेखि ४७ किलोमिटर दूरीमा रहेको छ । बेनीबाट गाउँमा आउन जिपहरू सजिलै पाइन्छ । *रासस*


**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०२/०९**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८/०८३ मा उत्पादन भएको तथा जिल्ला वन पैदावार आपूर्ति समितिबाट फिर्ता भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान १७६ को २२८३.०४ घनफिट काठ तथा साल जातको दाउरा २.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**शक्तिशाली सामुदायिक वन उपभोक्ता समूह**
**बागमती- ७, मकवानपुर**



**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०२/०९**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८२/०८३ मा उत्पादन भएको तथा जिल्ला वन पैदावार आपूर्ति समितिबाट फिर्ता भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान २७१ को २३८५.५९ घनफिट काठ तथा साल जातको दाउरा १.५० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**धर्मशाला सामुदायिक वन उपभोक्ता समूह**
**बागमती-९, मकवानपुर**



**मलेसियामा रोजगार** कम्पनी : HIAP SENG HUAT TRADING SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८३/०२/०८ | LT. No. 342614 | चलानी नं. ६०२५५८३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 1 | 0 | 1700 | ६५,९४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : MACE INSTRUMENTATION SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०२/०७ | LT. No. 342613 | चलानी नं. ६०२५५८३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 3 | 0 | 1700 | ६५,९४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ताः संस्थाको कार्यालय, ललितपुरमा धमाधम भइरहेको छ । अन्तिम अन्तर्वाता मितिः २०८३ जेठ १६ गते (30th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

S.And S.Human Resource Pvt. Ltd.
Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5423287
Mobile no: 9849038785, Fax : +977-1-5423287, E-mail : sands1238@gmail.com
श्रम इजाजत नं. १२३८/०७४/०७५



**साउदीमा रोजगार** कम्पनी : ADVANCED ASAS TRANSPORTATION COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०२/०७ | LT. No. 342447 | चलानी नं.६०२५५७४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Trailer truck driver | 15 | 0 | 1800 | ७३,७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : RIMAH AL-SHARQ INDUSTRIAL COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०१/२३ | LT. No. 341620 | चलानी नं.६०२५५७४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 3 | 0 | 1200 | ४९,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय, काठमाडौंमा मितिः २०८३ जेठ १६ गते (30th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ROSEBUD HUMAN RESOURCE PVT. LTD
Shambhu Marga, sinamangal-9, Kathmandu, Nepal , Tel.: +977-1-4597366
E-mail: info@rosebudhr.com, Web:www.rosebudhr.com
श्रम इजाजत नं. १६६५/०८०/८१



**युएइमा रोजगार** कम्पनी : QEMAT AL BUNYAN CONCRETE CARPENTER CONT

पूर्व स्वीकृति मिति : २०८३/०२/०८ | LT. No. 342462 | चलानी नं. ६०२५५७९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Carpenter | 6 | 0 | 1500 | ६२,८१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : RAMZ ALSAFA SANITARY CONT CONSTRUCTION

पूर्व स्वीकृति मिति : २०८३/०२/०८ | LT. No. 342468 | चलानी नं. ६०२५५७९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician Assistant | 5 | 0 | 1200 | ५०,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Plumber Assistant | 16 | 0 | 1200 | ५०,२५० | | | | | | | |
| 3 | Painter | 35 | 0 | 1500 | ६२,८१५ | | | | | | | |
| 4 | Carpenter | 20 | 0 | 1500 | ६२,८१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय, काठमाडौंमा मितिः २०८३ जेठ १६ गते (30th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 847/066/067
TIRUPATI INTERNATIONAL MANPOWER PVT. LTD.
Battisputali, Gaushala- 9, Kathmandu, Nepal, Mob : 9818578734/ 9851000521
Email: tirupatimanpower@gmail.com, Web: www.tirupatiintcom.np



**जापानमा रोजगार** कम्पनी : GIFU HUMAN RESOURCES SUPPORT BUSINESS COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८३/०२/०८ | LT. No. 340700 | चलानी नं. ६०२५५८३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 3 | 0 | 185490 | १७८,४३७ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : Chugoku Economic Exchange Cooperative

पूर्व स्वीकृति मिति : २०८३/०२/०८ | LT. No. 340701 | चलानी नं. ६०२५५८३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Operator | 3 | 0 | 177285 | १७०,५४४ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : INDUSTRY-UNIVERSITY COOPERATIVE ASSOCIATION

पूर्व स्वीकृति मिति : २०८३/०२/०८ | LT. No. 340703 | चलानी नं. ६०२५५८३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Female Caregiver | 0 | 3 | 185490 | १७८,४३७ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निम्ति सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।

१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः १०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

**नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय, काठमाडौंमा मितिः २०८३ जेठ १६ गते (30th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1544/078/079
TIRUPATI H.R. SOLUTION (P) LTD
Sinamangal 9, Airport, Kathmandu, Nepal, Tel: 014533441, 985118389, (Ganesh subedi)
Email: tirupatihrsolution@gmail.com, Web: www.tirupati.hr.com.np

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - २९३७०० | प्रति तोला - ० | प्रति तोला - ५११५ |



**ढकिया तालिम** दाङको राजपुर गाउँपालिका-२ स्थित बेला गाउँमा सञ्चालन भएको एक महिने ढकिया बनाउने आधारभूत तालिममा सहभागी स्थानीय महिला । राजपुर गाउँपालिकाको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाद्वारा सञ्चालित तालिममा खोला किनारमा खेर जाने वनस्पतिको प्रयोग गरी विभिन्न घरेलु सामग्री बनाउने सीप प्रदान गरिएको प्रशिक्षकले जानकारी दिए ।

*तस्बिर : कुलदीप न्यौपाने/रासस*

## ‘निर्माण क्षेत्रको समस्या समाधान गर्न सरकार तयार’

■ प्रभाव संवाददाता



**काठमाडौं–** पूर्वाधार विकास मन्त्री सुनिल लम्सालले निर्माण क्षेत्रमा देखिएका समस्या समाधान गर्न सरकार तयार रहेको बताएका छन् । शुक्रबार भएको प्रतिनिधिसभाको पूर्वाधार विकास समितिको बैठकमा निर्माण व्यवसायीहरूले निर्माण क्षेत्रका समस्या र चुनौतीबारे जानकारी गराएपछि उनले यस्तो जवाफ दिएका हुन् ।

बैठकमा व्यवसायीहरूले काम सम्पन्न गर्दा पनि भुक्तानी नपाएको, अत्यधिक मूल्यवृद्धि भएको र म्याद थपमा समस्या रहेको गुनासो मन्त्रीसामु राखेका थिए । व्यवसायीका कुरा सुनेपछि मन्त्री लम्सालले निर्माणको काममा ढिलासुस्ती नगर्न र गुणस्तरमा सम्झौता नगर्न आग्रह गरे । उनले भने, ‘खरिद सम्झौतामा जुन मापदण्ड तोकिएको छ, त्यहीअनुसार समयमै काम हुनुपर्छ । व्यवसायीले आफ्नै एक्सन प्लान बनाएर अघि बढ्नुपर्छ ।’

मन्त्री लम्सालले देशको आर्थिक अवस्था र मूल्यवृद्धिको मारबारे सरकार जानकार रहेको बताए । नेपालको इतिहासमै अहिले सबैभन्दा ठुलो मूल्यवृद्धि भएको स्वीकार गर्दै उनले डिजेलको मूल्यवृद्धिका कारण निर्माण क्षेत्रमा ठुलो असर परेको उल्लेख गरे । ‘मन्त्रालय अहिले करिब ३७ अर्ब घाटामा छ, तर पनि हामी व्यवसायीका समस्याप्रति गम्भीर छौं,’ उनले भने ।

मूल्यवृद्धिको सम्बोधनका लागि राष्ट्र बैंकको इन्डेक्सअनुसार काम भइरहेको र कानुनी प्रक्रिया मिलाएर व्यवसायीलाई राहत दिइने उनले बताए । केही प्रोजेक्टहरूको हकमा ऐन नै संशोधन गरेर भए पनि मूल्य समायोजन र म्याद थपको समस्या सुल्झाउने उनको प्रतिबद्धता छ । उनले भने, ‘कसैलाई दिने र कसैलाई नदिने गरी विभेदपूर्ण निर्णय गर्न मिल्दैन, त्यसैले सबै खालका प्रोजेक्टलाई समेट्न केही समय लागेको हो । व्यवसायीहरू ढुक्क भएर काममा लाग्दा हुन्छ ।’

मन्त्री लम्सालले राज्य र निर्माण व्यवसायी एकअर्काका साझेदार भएको भन्दै समन्वय गरेर अघि बढ्नुपर्नेमा जोड दिए । तर, काममा लापरबाही गर्ने र समयमै नसक्ने व्यवसायीप्रति भने राज्य निर्मम हुने उनले चेतावनी दिए । सार्वजनिक निर्माणमा हुने ढिलाइले विकासमा ठुलो धक्का लाग्ने भएकाले महत्वपूर्ण आयोजनाहरू नरोक्न उनले व्यवसायीहरूलाई निर्देशन दिएका छन् ।

## चितवन राष्ट्रिय निकुञ्जमा बाह्य पर्यटक घटे, आन्तरिक बढे

**चितवन–** चितवन राष्ट्रिय निकुञ्ज भ्रमण गर्ने बाह्य पर्यटक घटेका छन् । गत आर्थिक वर्षको वैशाखसम्ममा एक लाख ८३० जना विदेशी पर्यटकले निकुञ्ज भ्रमण गरेकामा चालु आवको वैशाखसम्म उक्त संख्या ८९ हजार ६३० मा झरेको हो ।

गत वर्ष सार्क मुलुकका १८ हजार ९३३ र तेस्रो मुलुकका ८१ हजार ८९७ जनाले निकुञ्जको भ्रमण गरेका जनाउँदै निकुञ्जका सूचना अधिकारी अविनास थापामगरले यस वर्ष सार्क मुलुकका १३ हजार ९९२, तेस्रो मुलुकका ७५ हजार ६३८ जना पर्यटकले निकुञ्ज भ्रमण गरेका उल्लेख छन् ।

बाह्य पर्यटक घटे पनि आन्तरिक पर्यटकमा भने गत वर्षको तुलनामा यस वर्ष बढेका छन् । गत आवको वैशाखसम्म निकुञ्ज भ्रमण गर्ने नेपाली पर्यटक एक लाख तीन हजार ६७२ रहेकामा चालु आवमा यो संख्या बढेर एक लाख ३७ हजार २४६ पुगेको निकुञ्जका सूचना अधिकारी थापामगरले जानकारी दिए । यस वर्ष नेपालमा भएको जेनजी प्रदर्शनपछि देखिएका राजनीतिक घटनाक्रम र मध्यपूर्वका देशमा भएको द्वन्द्वका कारण बाह्य पर्यटकको आगमनमा कमी आएको उनले बताए ।

नेपालीहरू पछिल्लो समय घुम्न थालेकाले आन्तरिक पर्यटकको आगमन बढेको सूचना अधिकारी थापामगरको भनाइ छ । उनले भने, ‘सरकारले सातामा दुई दिन बिदा दिएकाले पनि आन्तरिक पर्यटक बढेका हुनसक्छन् ।’ गत वर्ष फागुन, चैत, वैशाखमा आन्तरिक पर्यटक ३४ हजार २०२ आएकामा यस वर्ष सो समयमा ४७ हजार ६६१ पुगेका उनले जानकारी दिए ।

निकुञ्ज र आसपासका मध्यवर्ती सामुदायिक वनमा अवलोकन भ्रमण गर्न विशेषगरी पर्यटक आउने गर्दछन् । निकुञ्ज र मध्यवर्ती क्षेत्रमा हात्ती सफारी, जिप सफारी, पैदल सफारी, डुंगा सयर गर्न पर्यटक आउने गर्दछन् । निकुञ्जमा दुर्लभ एकसिंगे गैंडा, पाटेबाघ, भालु, हात्ती, चित्तल, घडियाल गोहीलगायत वन्यजन्तु, चराचुरुंगी, वनस्पति, सरिश्रीप हेर्न पर्यटक आउने उनले बताए ।

यस वर्ष निकुञ्ज भ्रमण गर्ने पर्यटकबाट रु २३ करोड पाँच लाख ५० हजार ६०० राजस्व संकलन भएको सूचना अधिकारी थापामगरले जानकारी दिए । उनका अनुसार काठदाउरा बिक्रीबापत रु ७१ हजार ३५०, गैरकाठ वन पैदावर बिक्रीबापत रु एक करोड ९५ लाख ३१ हजार ७५५, दण्डसजायबाट रु १० लाख ७१ हजार ९०४ र अन्य शीर्षकबाट रु १५ लाख २२ हजार ४०५ रकम राजस्व संकलन भएको छ । *रासस*

## महासंघ वरिष्ठ उपाध्यक्षमा वैद्य र कोषाध्यक्षमा प्रधान



**काठमाडौं (प्रस)–** नेपाल उद्योग वाणिज्य महासंघको वरिष्ठ उपाध्यक्षमा सुरकृष्ण वैद्य र कोषाध्यक्षमा मनिषलाल प्रधान निर्वाचित भएका छन् ।

शुक्रबार सम्पन्न निर्वाचनमा वरिष्ठ उपाध्यक्षमा वैद्यले ५६ मत प्राप्त गरी विजयी भए भने रामचन्द्र संघाईले ३० मत प्राप्त गरे । वरिष्ठ उपाध्यक्ष पदका लागि सुरकृष्ण वैद्य, रामचन्द्र संघाई र हेमराज ढकालले मनोनयन गर्दा गरेका थिए । तर ढकालले पछि उम्मेवारी फिर्ता लिएका छन् ।

कोषाध्यक्ष पदमा विजयी मनिषलाल प्रधानले ६१ मत प्राप्त गर्दा उनका प्रतिस्पर्धी अम्बिकाप्रसाद पौडेलले २५ मत प्राप्त गरे । महासंघका अध्यक्ष अन्जन श्रेष्ठले शुक्रबार नै दुई जना महिलासहित छ जनालाई केन्द्रीय सदस्यमा मनोनित गरेका छन् । मनोनित हुनेहरूमा शिवप्रसाद घिमिरे, मनिषलाल प्रधान, नवीन रिजाल, गोकर्ण कार्की, दर्शना श्रेष्ठ र सहारा जोशी रहेका छन् ।

महासंघको विधान धारा २९ को (च) १० को व्यवस्थाअनुसार सबै सदस्य समूहको प्रतिनिधित्व हुनेगरी कम्तीमा दुई जना महिलासहित सात जना सदस्य मनोनित गर्न पाउने प्रावधान छ । विधानत: बाँकी रहेको एक सदस्य पदमा भने मनोनयन गर्न बाँकी छ ।

कर्पोरेट

## टेलि डिजिटलद्वारा ह्वाट्सएप बिजनेस एपिआईसम्बन्धी कार्यक्रम




**काठमाडौं (प्रस)–** रमेश कर्प अन्तर्गतको टेलि डिजिटल सर्भिसेस प्रा.लि. ले मेटासँगको सहकार्यमा जेठ ७ गते ‘द कनभरफरेन्स’ नामक विशेष कार्यक्रम आयोजना गरेको छ । नेपाली व्यवसायहरूलाई संवादात्मक व्यापारको सम्भावना र ह्वाट्सएप बिजनेस एपीआईको उपयोगबारे जानकारी गराउने उद्देश्यले आयोजित उक्त कार्यक्रममा नेपालका विभिन्न कर्पोरेट क्षेत्रका व्यवसायिक नेतृत्वकर्ता, ब्रान्ड मार्केटर तथा डिजिटल निर्णयकर्ताहरूको सहभागिता रहेको थियो ।

नेपालको डिजिटल क्षेत्रमा महत्वपूर्ण उपलब्धिका रूपमा हेरिएको यस कार्यक्रममा मेटाका एपीएसी क्षेत्रीय साझेदारी प्रबन्धक अल्बर्ट तियोङले मुख्य वक्ताका रूपमा सम्बोधन गरेका थिए । उनको उपस्थितिले नेपाललाई संवादात्मक व्यापारका लागि उदाउँदो तथा रणनीतिक रूपमा महत्वपूर्ण बजारका रूपमा मेटाले लिएको प्राथमिकतालाई झल्काएको थियो ।

‘द कनभरफरेन्स’ कार्यक्रममा नेपालका प्रतिष्ठित कम्पनीका उच्च अधिकारीहरू सहभागी भएका थिए । कार्यक्रममा ह्वाट्सएप बिजनेस एपीआई मार्फत ग्राहक सेवा, लिड जेनेरेसन, बिक्री रूपान्तरण, ग्राहक टिकाइ राख्ने रणनीति तथा व्यक्तिगत स्तरको संवादलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने विषयमा छलफल गरिएको थियो । कार्यक्रममा विश्वव्यापी व्यवसायिक म्यासेजिङ प्रवृत्तिबारे जानकारी दिँदै मेटाका म्यासेजिङ प्लेटफर्महरूमा प्रत्येक साता एक अर्बभन्दा बढी मानिस व्यवसायसँग जोडिने तथ्य प्रस्तुत गरिएको थियो ।

नेपालमा ह्वाट्सएप व्यापक रूपमा प्रयोग भइरहेका कारण नेपाली व्यवसायहरूले एसएमएस र इमेलजस्ता परम्परागत माध्यमभन्दा बाहिर गएर प्रत्यक्ष, विश्वासिलो तथा मापनयोग्य ग्राहक संवादको अवसर उपयोग गर्न सक्ने विषय कार्यक्रममा विशेष रूपमा उठाइएको थियो ।

## सुशासनतर्फ मण्डनदेउपुरको अग्रसरता




**काठमाडौं (प्रस)–** काभ्रेपलाञ्चोकको मण्डनदेउपुर नगरपालिकाको आयोजनामा सार्वजनिक खरिद सम्बन्धी तीन दिने तालिम कार्यक्रम आजदेखि औपचारिक रूपमा शुभारम्भ भएको छ । सार्वजनिक खरिद, बेरुजु फछ्र्यौट, सुशासन तथा अनुसन्धानसम्बन्धी विषयलाई केन्द्रमा राखेर सञ्चालन गरिएको उक्त तीन दिने तालिम कार्यक्रमको उद्घाटन नगरप्रमुख टोक बहादुर वाइबा तथा नगर उप-प्रमुख विष्णुमणी नेपालले संयुक्त रूपमा गरेका हुन् ।

नगर प्रमुखले नगरपालिकाहरू संघीय सरकारको सुशासन, पारदर्शिता र जवाफदेहितामुखी नयाँ नीति तथा सुधारको भावनाअनुसार अनुपालन संस्कृतिलाई संस्थागत गर्ने दिशामा अग्रसर रहेको उल्लेख गरे । उनले कानुनी व्यवस्थाको मात्र होइन अनुपालनको भावना लाई आत्मसात गर्दै वित्तीय व्यवस्थापन, खरिद प्रणाली र सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनेतर्फ स्थानीय तहहरू प्रतिबद्ध रहेको बताए ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत अमृतकुमार धितालले सहभागीहरूलाई स्वागत गर्दै सार्वजनिक वित्तीय व्यवस्थापन, पारदर्शिता, जवाफदेहिता तथा सुशासन प्रवर्द्धनका लागि यस्ता क्षमता विकासमूलक कार्यक्रम अत्यन्त आवश्यक रहेको बताए । नगरपालिकाले आफ्नै स्रोत, साधन र व्यवस्थापनमा यस्तो विषयगत तालिम सञ्चालन गर्नु सुशासन, वित्तीय अनुशासन तथा अनुपालनप्रतिको संस्थागत प्रतिबद्धताको महत्वपूर्ण उदाहरण भएको उनले उल्लेख गरे ।

तालिममा सार्वजनिक खरिद ऐन तथा नियमावली, खरिद योजना, बोलपत्र प्रक्रिया, सम्झौता व्यवस्थापन, विद्युतीय खरिद प्रणाली, परामर्श सेवा खरिद, बेरुजु फछ्र्यौट तथा अनुसन्धान सम्बन्धी व्यवहारिक विषयहरू समेटिएका छन् ।

## नेप्सेमा दोहोरो अंकको गिरावट

**काठमाडौं (प्रस)–** धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आज उकालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १६ दशमलव ३८ अंकले उकालो लागेर दुई हजार सात सय ५८ दशमलव ४९ मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ४० अंकले उकालो लागेर चार सय ७१ दशमलव ८९ मा पुगेको छ ।

कूल तीन सय ३६ कम्पनीको एक करोड आठ लाख ८८ हजार सात सय ३९ कित्ता शेयर रु चार अर्ब ४९ करोड ८५ लाख १६ हजार ९४ मूल्यमा खरिद बिक्री भएका छन् ।

कारोबार भएकामध्ये दुई सय तीन कम्पनीको शेयर मूल्य भने उकालो लागेको छ । यस्तै, ५७ कम्पनीको भने ओरालो लागेको छ । आठ कम्पनीको भने कुनै परिवर्तन भएको छैन ।

कारोबारका आधारमा आँखुखोला जलविद्युत् कम्पनी शीर्ष स्थानमा छ । यस्तै, रिडी पावर कम्पनी, नेशनल हाइड्रोपावर, अपि पावर कम्पनी र बुंगल हाइड्रो शीर्ष पाँचभित्र पर्न सफल भएका छन् । यस्तै, क्रिष्ट माइक्रो लाइफ इन्स्योरेन्स, माबिलुङ हाइड्रोपावर, बुंगल हाइड्रो, आँखुखोला जलविद्युत् कम्पनी र सेपुर खुदी हाइड्रोपावरका लगानीकर्ताले कमाएका छन् । यस्तै, एनआइसी एशिया ब्यालेन्स फण्ड,ग्लोबल आईएमई समुन्नत योजना दोस्रो, एबिएल डिबेञ्चर- २०९१, सानिमा बैंक डिबेञ्चर र स्वाभिमान लघुवित्तका लगानीकर्ताले भने गुमाएका छन् ।

## आयोजना बैंकमा चार हजार ३९१ आयोजना दर्ता

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्षको हालसम्म परियोजना बैंकमा दर्ता भएका परियोजनाको संख्या चार हजार ३९१ पुगेको छ । अर्थ मन्त्रालयले उपलब्ध गराएको विवरणअनुसार, नयाँ आयोजनाको संख्या ३९० छन् ।

त्यसमा आव २०८१/८२ को ६ वटा, गत चैत २२ मा १२६, गत वैशाख १० मा १३०, गत वैशाख १५ गते ३१ र यही जेठ ४ गते मात्रै १०३ आयोजना दर्ता भएका छन् । परियोजना बैंकमा रहेका आयोजनामध्ये क्रमागतका ९२ र अध्ययनका क्रममा रहेका तीन हजार ९०९ वटा छन् ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आज राष्ट्रियसभाको विकास, आर्थिक मामिला तथा सुशासन समितिमा पेस गरेको विवरणअनुसार, मुलुकको अर्थतन्त्रको वर्तमान स्थिति र सम्भावनाका क्षेत्रमा विद्युत् उत्पादन र पर्यटक संख्या बढेको उल्लेख गरेका छन् । बैंकमा अधिक निक्षेप तरलता रहेको र विदेशी विनिमयको पर्याप्त सञ्चिति रहेको छ ।

यस्तै, वनको उत्पादकत्वमा वृद्धि, काष्ठ सामग्री र गैरकाष्ठ वन पैदावर निकासीमा उल्लेख्य वृद्धि भई रु २० अर्ब बराबर पुगेको अर्थमन्त्री डा. वाग्लेले जानकारी दिए । यस्तै, विश्व कार्बन व्यापारमा प्रवेश गरेको, कार्बन बिक्रीबाट पहिलो किस्ताको नौ दशमलव चार मिलियन अमेरिकी डलर बराबरको रकम रकम वन विकास कोषमा जम्मा भएको छ ।

कच्चा पदार्थ प्रदान गरी सिमेन्ट तथा जलविद्युत् उत्पादनमा अभिवृद्धि भई आत्मनिर्भर र निर्यातउन्मुख रहेको र तौलरहित व्यापार, डिजिटल सुशासन र सूचना प्रविधिका क्षेत्रबाट नेपालको युवा जनशक्तिको लाभ एवम् रोजगारी अभिवृद्धि हुने अवस्था रहेको उनले जानकारी दिए ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ